# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

## (बागमती प्रदेश)

# वार्षिक प्रतिवेदन

(आ.व.२०८०/८१)





## नेपाल राष्ट्र बैंक

आर्थिक अनुसन्धान विभाग



२०८१ पुस

# भूमिका

आर्थिक स्थायित्व एवम् अर्थतन्त्रको दिगो विकासका लागि मूल्य तथा शोधनान्तर स्थिरता र वित्तीय क्षेत्र स्थायित्व कायम गर्नु नेपाल राष्ट्र बैंकको उद्देश्य रहेको छ। यस बैंकले उपरोक्त उद्देश्यहरु हासिल गर्न मौद्रिक, वित्तीय र विदेशी विनिमय नीति तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। तथ्यमा आधारित नीति निर्माणका लागि बैंकले अर्थतन्त्रका विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ।

वास्तविक क्षेत्रको आर्थिक अवस्था तथा समस्या पहिचान गरी आवश्यकता अनुरुप नीति तथा कार्यक्रम तर्जुमा गर्न बैंकले नियमित रुपमा आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरेको छ। मुलुक संघीय संरचनामा गएको सन्दर्भमा प्रादेशिक रुपमा आर्थिक गतिविधिको अध्ययन तथा विश्लेषण आवश्यक भएकोले "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६, (प्रथम संशोधन २०७९ सहित)" मा रहेको व्यवस्था बमोजिम आर्थिक वर्ष २०७६/७७ देखि ७७ वटै जिल्लाहरूको आर्थिक तथा वित्तीय अवस्थालाई समेटी प्रादेशिक रुपमा प्रतिवेदन तयार गर्ने गरिएको छ। यसै क्रममा आर्थिक अनुसन्धान विभागले बागमती प्रदेशका १३ जिल्लाहरुको आर्थिक वर्ष २०८०/८१ को समग्र आर्थिक गतिविधि समेटी यो प्रतिवेदन तयार गरेको छ।

स्थलगत सर्वेक्षणका माध्यमबाट कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरूको आर्थिक वर्ष २०८०/८१ को वार्षिक तथ्याङ्क जिल्लागत रूपमा संङ्कलन/प्रशोधन गरी यो प्रतिवेदन तयार पारिएको छ। जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशगत आर्थिक अवस्था प्रस्तुत गरिएको छ। सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् स्थलगत अध्ययन समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा परिदृश्य उल्लेख गरिएको छ।

प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरूप्रति आभार प्रकट गर्दछु। प्रतिवेदन तयार गर्न संयोजन गर्नु हुने निर्देशक श्री नारायण प्रसाद पोखेललाई विशेष धन्यवाद दिन चाहन्छु। यसैगरी प्रतिवेदन लेखन एवम् स्थलगत अध्ययनमा संलग्न हुनुहुने आर्थिक विकास शाखाका उप-निर्देशकद्वय श्री सजना शिल्पकार र श्री जय नारायण प्रधान, सहायक निर्देशकहरु श्री सविन थापा, श्री निरज घिमिरे, श्री रोशन सेढाई, श्री कुशल ढकाल, श्री शिखा पोखेल, श्री रामकृष्ण आचार्य, कम्प्यूटर अधिकृत श्री राम कुमार थापा र सहायक श्री मनोहर थापा समेतलाई धन्यवाद दिन चाहन्छु।

**डा. गुणाकर भट्ट**
**कार्यकारी निर्देशक**
**आर्थिक अनुसन्धान विभाग**

# विषय-सूची


| | | | पेज नं. |
|---|---|---|---|
| सारांश | | | क |
| परिच्छेद १ | अध्ययन परिचय | | १ |
| परिच्छेद २ | प्रदेशको तुलानात्मक स्थिति | | |
| | २.१ | राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशको क्षेत्रगत हिस्सा | ३ |
| | २.२ | अन्तरप्रदेश तुलना | ३ |
| | २.३ | प्रादेशिक चुनौती तथा सम्भावना | ४ |
| परिच्छेद ३ | कृषि क्षेत्र | | |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ६ |
| | ३.२ | कृषि उत्पादन | ७ |
| | ३.३ | पशुपन्छी, माछा तथा वनजन्य उत्पादन | ९ |
| | ३.४ | सिँचाइ | १० |
| | ३.५ | कृषि कर्जा | ११ |
| | ३.६ | कृषि क्षेत्रका चुनौती तथा सम्भावना | ११ |
| परिच्छेद ४ | उद्योग क्षेत्र | | |
| | ४.१ | प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी | १३ |
| | ४.२ | बागमती प्रदेशमा दर्ता भएका उद्योगको विवरण | १३ |
| | ४.३ | औद्योगिक कर्जा | १४ |
| | ४.४ | औद्योगिक क्षेत्रको चुनौती तथा सम्भावना | १७ |
| परिच्छेद ५ | सेवा क्षेत्र | | |
| | ५.१ | पर्यटन | १८ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | १८ |
| | ५.३ | वित्तीय सेवा | १९ |
| | ५.४ | फण्ड ट्रान्सफर | २० |
| | ५.५ | शिक्षा | २० |
| | ५.६ | स्वास्थ्य | २० |
| | ५.७ | यातायात | २० |
| | ५.८ | सेवा क्षेत्र कर्जा | २० |
| | ५.९ | सहकारी | २१ |
| | ५.१० | प्रदेश सरकारी वित्त | २२ |
| | ५.११ | स्थानीय तहहरुको बजेट स्थिति | २२ |
| | ५.१२ | सेवा क्षेत्रको चुनौती तथा सम्भावना | २४ |
| परिच्छेद ६ | पूर्वाधार र रोजगारी | | |
| | ६.१ | पूर्वाधार क्षेत्र | २५ |
| | ६.२ | पूर्वाधार क्षेत्रका चुनौती तथा सम्भावना | २६ |
| | ६.३ | रोजगारी | २७ |
| | ६.४ | रोजगारीका चुनौती तथा सम्भावना | २८ |
| परिच्छेद ७ | आर्थिक परिदृष्य | | |
| | ७.१ | कृषि उत्पादन | ३० |
| | ७.२ | औद्योगिक उत्पादन | ३० |
| | ७.३ | सेवा क्षेत्र | ३० |
| | ७.४ | पूर्वाधार क्षेत्र | ३० |

# तालिकाहरुको सूची


| | | |
|---|---|---|
| तालिका २.१: | प्रादेशिक आर्थिक परिसूचकहरु | ३ |
| तालिका ३.१: | कृषि उपजले ढाकेको भू–क्षेत्र | ७ |
| तालिका ३.२: | कृषि बालीको उत्पादन | ९ |
| तालिका ३.३: | प्रमुख पशुपन्छीजन्य उत्पादन | १० |
| तालिका ३.४: | जिल्लागत कृषि कर्जा | ११ |
| तालिका ४.१: | बागमती प्रदेशमा २०८० साउनदेखि २०८१ असार मसान्तसम्म दर्ता भएका उद्योगको विवरण | १४ |
| तालिका ४.२: | जिल्लागत औद्योगिक कर्जा | १४ |
| तालिका ५.१: | सार्वजनिक निर्माण तथा रियलस्टेट | १८ |
| तालिका ५.२: | बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति | १९ |
| तालिका ५.३: | यातायातका साधनको विवरण | २० |
| तालिका ५.४: | जिल्लागत सेवा क्षेत्र कर्जा | २१ |
| तालिका ५.५: | छनौटमा परेका १० सहकारी संस्थाहरूको असार मसान्तसम्मको विवरण | २१ |
| तालिका ५.६: | सरकारी वित्त स्थिति | २२ |
| तालिका ५.७: | बागमती प्रदेशको स्थानीय तहहरुको प्राप्ति तथा खर्च विवरण | २३ |
| तालिका ६.१: | सडक पूर्वाधारतर्फ आ.व २०८०/८१ फागुनसम्मको भौतिक प्रगति | २५ |
| तालिका ६.२: | राष्ट्रिय गौरवका आयोजनाको विवरण | २५ |
| तालिका ६.३: | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत जिल्लागत रोजगारीको विवरण | २७ |
| तालिका ६.४: | श्रम स्वीकृतिको विवरण | २८ |
| तालिका ६.५: | जिल्लागत वैदेशिक रोजगारीको विवरण | २८ |

# चार्टहरुको सूची


| | | |
|---|---|---|
| चार्ट २.१: | आ.व. २०८०/८१ को प्रादेशिक रुपमा क्षेत्रगत योगदान | ४ |
| चार्ट ३.१: | प्रमुख खाद्यान्न बालीहरूले ढाकेको क्षेत्रफल | ६ |
| चार्ट ३.२: | प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति | ८ |
| चार्ट ३.३: | सिँचाइ क्षेत्रमा भएको विस्तार | १० |
| चार्ट ४.१: | प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग | १३ |
| चार्ट ४.२: | औद्योगिक कर्जा लगानी स्थिति | १५ |
| चार्ट ५.१: | बागमती प्रदेशमा नमुना छनौटमा परेका होटलको अकुपेन्सी | १८ |
| चार्ट ५.२: | निक्षेप तथा कर्जा स्थिति | १९ |
| चार्ट ५.३: | स्थानीय तहहरुको राजस्व प्राप्तिको अवस्था | २३ |
| चार्ट ५.४: | स्थानीय तहहरुको खर्चको अवस्था | २४ |

# सारांश

बागमती प्रदेशमा रहेका १३ वटा जिल्लाहरूको स्थलगत तथा गैरस्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा सूचनाको आधारमा तयार गरिएको आर्थिक वर्ष २०८०/८१ को वार्षिक अध्ययन प्रतिवेदनको सार-सङ्क्षेप निम्नानुसार प्रस्तुत गरिएको छ :

## कृषि

१. समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्र १.३ प्रतिशतले बढेको छ । यसैगरी, यस्ता बालीको उत्पादन ४.४ प्रतिशतले बढेको छ । प्रमुख खाद्यान्न बालीमध्ये समीक्षा वर्षमा धान उत्पादन ०.८ प्रतिशत, गहुँ उत्पादन ०.६ प्रतिशत, जौं उत्पादन ५.५ प्रतिशतले वृद्धि भएको छ भने मकै उत्पादन ०.३ प्रतिशत, कोदो उत्पादन ३.१ प्रतिशत, फापर उत्पादन ८.७ प्रतिशतले घटेको छ ।

२. समीक्षा वर्षमा तरकारी उत्पादन ५.५ प्रतिशतले घटेको छ । पशुजन्य उत्पादन अन्तर्गत दुध उत्पादन २.३ प्रतिशत र अण्डा उत्पादन १५.१ प्रतिशतले बढेको छ भने मासु उत्पादन ०.७ प्रतिशतले घटेको छ ।

३. समीक्षा वर्षमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाबाट ४.० प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह भएको छ ।

## उद्योग

४. समीक्षा वर्षमा यस प्रदेशका अध्ययन नमुनामा समेटिएका उद्योगको क्षमता उपयोग औसतमा ४३.४ प्रतिशत रहेको छ । गत वर्षमा यस्ता उद्योगको क्षमता उपयोग औसतमा ४६.७ प्रतिशत रहेको थियो । नमुना छनौटमा परेका उद्योगहरुमध्ये पश्मिना उद्योगले सबैभन्दा बढी क्षमता उपयोग गरेको छ भने औषधीमध्येको ड्राईसिरपको क्षमता उपयोग सबैभन्दा कम रहेको छ ।

५. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको औद्योगिक कर्जा कुल प्रवाहित कर्जाको ३५.६ प्रतिशत रहेको छ ।

## सेवा

६. समीक्षा वर्षमा नमुना छनौटमा रहेका होटलहरूको अकुपेन्सी ४९.४ प्रतिशत रहेको छ ।

७. घरजग्गा रजिष्ट्रेशन सङ्ख्या ४०.८ प्रतिशतले र रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व ५.० प्रतिशतले घटेको छ ।

८. बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको निक्षेप २०८० असार मसान्तको तुलनामा २०८१ असारमा ११.९ प्रतिशतले र कर्जा प्रवाह ८.५ प्रतिशतले वृद्धि भएको छ । कर्जा-निक्षेप अनुपात औसतमा ६८.९ प्रतिशत रहेको छ ।

९. समीक्षा वर्षमा यस प्रदेशमा यातायात सवारी दर्ताको सङ्ख्या ८.० प्रतिशतले बढेको छ ।

# परिच्छेद १: अध्ययन परिचय

## १.१ पृष्ठभूमि

नेपाल राष्ट्र बैंकले मौद्रिक नीति तथा विदेशी विनिमय नीतिमार्फत् मूल्य स्थायित्व, वाह्य क्षेत्र स्थायित्व, समग्र वित्तीय क्षेत्र स्थायित्व तथा आर्थिक वृद्धिको लागि साधन सुनिश्चित गर्ने उद्देश्य राखेको छ। उक्त उद्देश्य पूरा गर्न बैंकले समष्टिगत अर्थतन्त्र, आर्थिक, वित्तीय र बाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा विवरण समावेश गरी अर्थतन्त्रका विभिन्न विषयमा अध्ययन प्रतिवेदन प्रकाशन गर्दै आएको छ। यसै क्रममा बैंकले वास्तविक क्षेत्रसँग पनि नियमित रुपमा तथ्याङ्कको संकलन तथा विश्लेषण गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरी प्रकाशन गर्दछ। यस्तो प्रतिवेदन अर्धवार्षिक र वार्षिक गरी वर्षको दुई पटक प्रकाशन हुने गरेको छ। प्रस्तुत प्रतिवेदन आर्थिक वर्ष २०८०/८१ को वार्षिक तथ्याङ्कमा (२०८० साउनदेखि २०८१ असार मसान्तसम्मको तथ्याङ्कमा) आधारित रहेको छ।

विगतमा देशका ५७ जिल्लाहरुबाट तथ्याङ्क संकलन गरी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएकोमा मुलुक संघीय संरचनामा गएपश्चात् प्रतिवेदनलाई संघीय संरचनाअनुरुप प्रकाशन गर्ने उद्देश्यले आर्थिक वर्ष २०७६/७७ देखि देशका ७ वटै प्रदेशका ७७ जिल्लालाई समावेश गरी एकीकृत र प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरु तयार गर्ने गरिएको छ। सोही अनुसार यो प्रतिवेदनमा बागमती प्रदेशको आर्थिक गतिविधि अध्ययनमा दोलखा, सिन्धुपाल्चोक, रसुवा, धादिङ, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुली, मकवानपुर र चितवन गरी १३ जिल्लाहरुको आर्थिक वर्ष २०८०/८१ को आर्थिक गतिविधिबारे विश्लेषण गरिएको छ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

बागमती प्रदेशका १३ वटै जिल्लाहरु समावेश गरी कृषि, उद्योग, सेवा र पूर्वाधार सम्बन्धी प्रगति विवरण, सम्भावना, चुनौती एवम् आगामी परिदृश्य प्रतिवेदनमा समावेश गरिएको छ। त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा यस प्रदेशको क्षेत्रगत हिस्सा, अन्य प्रदेशसँगको तुलनात्मक स्थिति, प्रदेशका महत्वपूर्ण आर्थिक परिसूचकहरु समेत यस प्रतिवेदनमा समावेश गरिएको छ।

वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्नका लागि आवश्यक पर्ने अधिकांश तथ्याङ्क तथा सूचना स्थलगत भ्रमण गरी संकलन गरिएको छ। कृषिसम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ। औद्योगिक उत्पादनसम्बन्धी तथ्याङ्क नमूना छनौटमा परेका उद्योगबाट स्थलगत भ्रमण गरी संकलन गरिएको छ भने बैंकिङ्ग तथ्याङ्क बैंक तथा वित्तीय संस्थाबाट संकलन गरिएको छ।

त्यसैगरी, पर्यटनसँग सम्बन्धित तथ्याङ्क होटल व्यवसायी संघ एवम् नमूना छनौटमा परेका होटलहरुबाट, घरजग्गा नक्शापास तथ्याङ्क नगरपालिकाबाट, पूर्वाधारसम्बन्धी तथ्याङ्क अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा पूर्वाधार विकास कार्यालयहरुबाट संकलन गरिएको छ। तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, वेवसाइट, तथा टेलिफोनलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ।

## १.३ अध्ययन प्रतिवेदनको सीमा

देशमा संघीयता कार्यान्वयनमा आइसकेपश्चात् तथ्याङ्क उपलब्ध गराउने कार्यालयहरुको पुनर्संरचना भएकोले तथ्याङ्क संगठित तथा व्यवस्थित गर्ने कार्यमा पूर्णता आइसकेको छैन। कृषि उत्पादन, शिक्षा, स्वास्थ्य र पूर्वाधार लगायतका कतिपय विवरणहरुमा समयगत र निकायगत एकरुपता कायम हुन सकेको छैन। कतिपय निजी उद्योग

तथा प्रतिष्ठानहरुले तथ्याङ्क उपलब्ध गराउन हिच्किचाउने, समयमा नै उपलब्ध नगराउने र अपूर्ण तथ्याङ्क दिने गरेकोले यथार्थ आर्थिक स्थितिको चित्रण गर्न कठिनाई हुने गरेको स्थिति छ ।

## १.४ अध्ययन प्रतिवेदनको ढाँचा

यस प्रतिवेदनमा ७ वटा परिच्छेद रहेका छन् । परिच्छेद-१ मा अध्ययन प्रतिवेदनको पृष्ठभूमि, तर्जुमा विधि र सीमा सहितको परिचय प्रस्तुत गरिएको छ । परिच्छेद-२ मा प्रदेशको तुलनात्मक स्थिति प्रस्तुत गरिएको छ । त्यसैगरी, परिच्छेद-३ मा कृषि क्षेत्र, परिच्छेद-४ मा उद्योग क्षेत्र, परिच्छेद-५ मा सेवा क्षेत्र र परिच्छेद-६ मा पूर्वाधार र रोजगारी क्षेत्रको विवरण समावेश गरिएको छ भने परिच्छेद-७ मा आर्थिक परिदृष्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २ : प्रदेशको तुलनात्मक स्थिति

नेपाल सरकार, राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.५७ खर्ब ४ अर्ब पुग्ने अनुमान गरेको छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.६ प्रतिशत, १२.५ प्रतिशत र ६२.९ प्रतिशत रहने अनुमान छ । अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान घट्दै गएको देखिन्छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको देखिन्छ। उद्योग क्षेत्रको योगदान भने विगत १० वर्षमा प्रायः स्थिर रहेको देखिन्छ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा बागमती प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयलको प्रारम्भिक तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर ३.५१ प्रतिशत रहने अनुमान छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु.२० खर्ब ७४ अर्ब ४२ करोड पुग्ने अनुमान छ। समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ११.४५ प्रतिशत, ११.२४ प्रतिशत र ७७.४२ प्रतिशत रहने अनुमान छ। समीक्षा वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा बागमती प्रदेशको अंश क्रमशः १७.१२ प्रतिशत, ३१.४१ प्रतिशत र ४४.७५ प्रतिशत रहने अनुमान छ।

बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमध्ये थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवाको अंश सबैभन्दा बढी (२१.५३ प्रतिशत) रहेको छ। घरजग्गा कारोबारको अंश १५.३३ प्रतिशत, वित्तीय तथा वीमाको अंश ११.५९ प्रतिशत, कृषि, वन तथा मत्स्यपालनको अंश ११.३५ प्रतिशत, यातायात तथा भण्डारणको ९.४५ प्रतिशत तथा उत्पादनमूलक उद्योगको अंश ४.८५ प्रतिशत रहेको छ।

## २.२ अन्तरप्रदेश तुलना

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रारम्भिक तथ्याङ्कका आधारमा प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०८०/८१ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै (३६.३६ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.२८ प्रतिशत) रहेको छ। यस प्रदेशको जनसंख्या अन्य प्रदेशभन्दा बढी रहेको, संघीय राजधानी यसै प्रदेशमा रहेको, अधिकांश उद्योगहरु यसै प्रदेशमा रहेको जस्ता कारणले अन्य प्रदेशभन्दा यस प्रदेशको हिस्सा कुल गार्हस्थ्य उत्पादनमा अधिक रहने गरेको छ।


**तालिका २.१: प्रादेशिक आर्थिक परिसूचकहरु**
**(आर्थिक वर्ष २०८०/८१)**

| आर्थिक परिसूचक/ प्रदेश | कोशी | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ९०३.०५ | ७४८.३७ | २०७४.४२ | ५१६.७० | ८१४.०३ | २४३.९९ | ४०४.२९ | ५७०४.८५ |
| राष्ट्रिय उत्पादनमा अंश (प्रतिशत) | १५.८४ | १३.१२ | ३६.३६ | ९.०६ | १४.२६ | ४.२८ | ७.०९ | १००.०० |
| आर्थिक वृद्धिदर (उत्पादकको मूल्यमा) (प्रतिशत) | ३.५१ | ३.७८ | ३.९६ | ४.५५ | ४.०५ | ३.३९ | ३.४१ | ३.८७ |
| कृषि क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | २१.५६ | १९.१६ | १७.१२ | ९.६८ | १७.५४ | ५.२४ | ९.७१ | १००.०० |
| उद्योग क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १९.८८ | १०.९७ | ३१.४१ | १२.१५ | १५.४८ | ३.१९ | ६.९१ | १००.०० |
| सेवा क्षेत्रमा प्रदेशको अंश (प्रतिशत) | १२.८१ | ११.२५ | ४४.७५ | ८.१९ | १२.७५ | ४.१३ | ६.१२ | १००.०० |

*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय।*

वृहत आर्थिक वर्गीकरण अनुसार समीक्षा वर्षको कृषि क्षेत्रको समग्र उत्पादनमा कोशी प्रदेशको हिस्सा सबैभन्दा धेरै (२१.५६ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (५.२४ प्रतिशत) रहेको छ। उद्योग क्षेत्रको समग्र उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (३१.४१ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (३.१९ प्रतिशत) रहेको छ। यसैगरी, सेवा क्षेत्रको समग्र उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (४४.७५ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (४.१३ प्रतिशत) रहेको छ (तालिका २.१)। प्रदेशगत रुपमा कृषि क्षेत्रको तुलना गर्दा बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान सबैभन्दा कम (११.३५ प्रतिशत) रहेको छ भने मधेश प्रदेशको सबैभन्दा बढी (३५.१९ प्रतिशत) रहेको छ। यसैगरी, प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान बागमती प्रदेशको सबैभन्दा बढी (७७.४२ प्रतिशत) र कोशी प्रदेशको सबैभन्दा कम (५०.८८ प्रतिशत) रहेको छ (चार्ट २.१)।

**चार्ट २.१: आ.व. २०८०/८१ को प्रादेशिक रुपमा क्षेत्रगत योगदान (प्रतिशतमा)**




*स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय।*

## २.३ प्रादेशिक चुनौती तथा सम्भावना

### प्रादेशिक चुनौती

- महानगरको फुटपाथ फराकिलो र व्यवस्थित बनाउने कार्यलाई निरन्तरता दिँदै फुटपाथमा रहेका साना तथा खुद्रा व्यापारीहरुको उचित व्यवस्थापन गर्नु। सार्वजनिक जग्गा तथा नदी किनारामा भएको अतिक्रमणलाई रोक्न तथा भूमिहीन परिवारको समस्या समाधान गर्दै सुकुम्बासी समस्या समाधान गर्नु।
- यस प्रदेशमा सम्भाव्यता अध्ययन भएका बल्खु-हेटौंडा, टोखा-छहरे, खुर्कोट-चियाबारी लगायतका सुरुङमार्गलाई पर्याप्त बजेट विनियोजन गरी निमार्ण कार्य अगाडि बढाउनु।
- जलवायु परिवर्तनले निम्त्याएको बाढी, पहिरो, हिमपहिरो, भूक्षय र डढेलो, विविध रोगको प्रकोप आदिको संख्या दिन-प्रतिदिन बढ्दै गइरहेको परिप्रेक्ष्यमा यस प्रदेशमा समेत आगामी दिनमा यस्ता घटना न्यूनीकरण गर्नु।
- एकातिर सहरी क्षेत्रमा जनसंख्या वृद्धिले कृषियोग्य भूभागमा बस्ती बढ्दै जानु अर्को तर्फ पहाडी तथा हिमाली इलाकामा बसाईसराइका कारण जमिन बाँझो हुने प्रवृत्तिका कारण कृषियोग्य जमिनको संरक्षण तथा उपयोगमा सन्तुलन मिलाउने कार्य चुनौतीपूर्ण रहेको छ।

- बिजुली व्यापार विस्तार गर्न प्रसारणलाइनका लागि समझदारी भए पनि त्रिशुली र यसका सहायक नदीमा निर्माण भएका, निर्माणको तयारीमा रहेका र अध्ययन भइरहेका आयोजनावाट उत्पादित बिजुली चीनतर्फ रसुवागढी-केरुङ प्रसारणलाइनबाट निर्यात गर्न सकिने सम्भावना रहेको छ ।

## प्रादेशिक सम्भावना

- धादिङ्ग जिल्लाको रुबी भ्याली, चितवन जिल्लाको नारायणी नदी किनार, पहाडी तथा हिमाली क्षेत्रहरूका ग्रामीण भेग, हिन्दुहरूको पवित्र स्थल देवघाट क्षेत्र, कालिञ्चोक, गोसाईकुण्ड लगायतका स्थानहरुमा पर्यटनको थप सम्भावना रहेको छ ।
- यस प्रदेशमा हिमाल, पहाड, उपत्यका र भित्री मधेश लगायतका क्षेत्रहरु रहेकोले विविधताको हिसाबले अन्य प्रदेशहरुभन्दा कृषि, पर्यटन, जलविद्युत र व्यापारमा तुलनात्मक लाभ रहेको छ ।
- नेपाल आउने अधिकांश पर्यटक हवाईमार्गबाट आउने र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल यसै प्रदेशमा रहेकाले अन्य प्रदेशमा भ्रमणका लागि आउने पर्यटकहरु समेत यसै विमानस्थल मार्फत् बागमती प्रदेशमा आउने हुनाले पर्यटकीय पूर्वाधार, होटल तथा रेष्टुरेन्ट लगायतका पर्यटनजन्य व्यवसायहरु विस्तार गर्नुका साथै केबलकार, जीपलाइन, बन्जीजम्पहरुको प्रचार प्रसार गर्न सके थप पर्यटक भित्र्याउन र बसाई अवधि लम्ब्याउन सकिने सम्भावना रहेको छ ।
- प्रदेशका प्रमुख शहरहरुमा विद्युतीय सवारी साधनको प्रयोग बढेको सन्दर्भमा शहरभित्र, राजमार्ग तथा प्रमुख लोकमार्गमा चार्जिङ स्टेसन तथा रिफ्रेसिङ सेन्टर स्थापनाको सम्भावना रहेको छ ।
- भारत तथा बंगलादेशतर्फ बिजुली व्यापारको सम्भावनाका साथै चीनतर्फ पनि रसुवागढी-केरुङ प्रसारण लाइन निर्माण गरी बिजुली निर्यात गर्ने सम्भावना रहेको छ । यसै सम्भावनालाई अध्ययन गरी नेपाल र चीनबीच २२० केभी क्षमताको प्रसारण लाइन निर्माणका लागि समझदारी भइसकेको छ ।

# परिच्छेद ३: कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र


आर्थिक वर्ष २०८०/८१ मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल, मसला चिया तथा कफी)ले ढाकेको क्षेत्रफल १.० प्रतिशतले वृद्धि भएको छ। गत वर्ष यस्तो क्षेत्रफल ०.८ प्रतिशतले घटेको थियो।

**खाद्य तथा अन्यबाली :** आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल १.३ प्रतिशतले बढेको छ भने गत वर्ष यस्तो क्षेत्रफल १.० प्रतिशतले घटेको थियो।

समीक्षा वर्षमा कोदो बालीले ढाकेको क्षेत्रफल ७.० प्रतिशत र जौ बालीले ढाकेको क्षेत्रफल १४.२ प्रतिशतले बढेको छ भने धान बालीले ढाकेको क्षेत्रफल १.१ प्रतिशत, मकै बालीले ढाकेको क्षेत्रफल ०.२ प्रतिशत, गहुँ बालीले ढाकेको क्षेत्रफल ९.४ प्रतिशत र फापर बालीले ढाकेको क्षेत्रफल ८.१ प्रतिशतले घटेको छ। गत आर्थिक वर्षमा कोदो बालीले ढाकेको क्षेत्रफल ४.६ प्रतिशतले बढेको थियो भने धान बालीले ढाकेको क्षेत्रफल ३.३ प्रतिशत, मकै बालीले ढाकेको क्षेत्रफल १.१ प्रतिशत, गहुँ बालीले ढाकेको क्षेत्रफल ०.४ प्रतिशत, जौं बालीले ढाकेको क्षेत्रफल ८.२ प्रतिशत र फापर बालीले ढाकेको क्षेत्रफल ०.५ प्रतिशतले घटेको थियो।

त्यसैगरी, समिक्षा वर्षमा आलु बालीले ढाकेको क्षेत्रफल ४.९ प्रतिशत र तेलहन बालीले ढाकेको क्षेत्रफल ३६.६ प्रतिशतले बढेको छ भने, भटमास बालीले ढाकेको क्षेत्रफल ९.१ प्रतिशत, दलहन बालीले ढाकेको क्षेत्रफल ५.८ प्रतिशतले घटेको छ।

**चार्ट ३.१ : प्रमुख खाद्यान्न बालीहरूले ढाकेको क्षेत्रफल (हजार हेक्टरमा)**




*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय।*

**तरकारी :** समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल २.६ प्रतिशतले बढेको छ। गत वर्ष यस्तो क्षेत्रफल ३.२ प्रतिशतले बढेको थियो।

**फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल बालीले ढाकेको क्षेत्रफल १०.५ प्रतिशतले घटेको छ भने मसला बालीले ढाकेको क्षेत्रफल ७.९ प्रतिशतले घटेको छ। गत वर्षमा फलफूल बालीले ढाकेको क्षेत्रफल ६.७ प्रतिशतले घटेको थियो भने मसला बालीले ढाकेको क्षेत्रफल ३.५ प्रतिशतले बढेको थियो।

**तालिका ३.१: कृषि उपजले ढाकेको भू–क्षेत्र**

| जिल्ला | क्षेत्रफल (हेक्टर) | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| दोलखा | २२३५१ | १६९० | ८६९ | ८०८ | ३.९ | ३.० | ५.३ | १२.० |
| सिन्धुपाल्चोक | ६९४८५ | ४५८५ | ८६२ | – | १२.२ | ८.१ | ५.३ | – |
| रसुवा | ९९६३ | १६६२ | ४८८ | ३५२ | १.८ | २.९ | ३.० | ५.२ |
| धादिङ्ग | ५०१८८ | ७१८० | १९९५ | ५२२ | ८.८ | १२.६ | १२.२ | ७.७ |
| नुवाकोट | ५१६१७ | ५४९८ | १५१५ | ८०५ | ९.१ | ९.७ | ९.३ | ११.९ |
| काठमाडौं | १६८२६ | ३२८२ | ६७२ | १०० | ३.० | ५.८ | ४.१ | १.५ |
| भक्तपुर | ९०२८ | १०११ | २०२ | – | १.६ | १.८ | १.२ | – |
| ललितपुर | २१७९१ | ३४९७ | ५१२ | २६२ | ३.८ | ६.१ | ३.१ | ३.९ |
| काभ्रेपलाञ्चोक | ६१०२७ | ११३२५ | १९७१ | – | १०.७ | १९.९ | १२.१ | – |
| रामेछाप | ४४६७० | १०९८ | २०८७ | ४६८ | ७.९ | १.९ | १२.८ | ६.९ |
| सिन्धुली | ६७३१३ | २८६१ | १९०० | २२७० | ११.८ | ५.० | ११.६ | ३३.७ |
| मकवानपुर | ५३३७६ | ५५७० | ४२३ | ६५० | ९.४ | ९.८ | २.६ | ९.६ |
| चितवन | ९०८३९ | ७६०९ | २८१७ | ५०३ | १६.० | १३.४ | १७.३ | ७.५ |
| **जम्मा** | **५६८४७४** | **५६८६८** | **१६३१३** | **६७४०** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय ।*

*नोट: सिन्धुपाल्चोक, भक्तपुर र काभ्रेपलाञ्चोकबाट मसला बालीले ढाकेको क्षेत्रफलको तथ्यांक प्राप्त नभएको ।*

खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (१६.० प्रतिशत) र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (१.६ प्रतिशत) रहेको छ (तालिका ३.१)। तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी (१९.९ प्रतिशत) र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (१.८ प्रतिशत) रहेको छ। फलफूलले ढाकेको क्षेत्रफलमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (१७.३ प्रतिशत) र भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम (१.२ प्रतिशत) रहेको छ। यसैगरी, मसला बालीले ढाकेको क्षेत्रफलमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी (३३.७ प्रतिशत) रहेको छ भने काभ्रेपलाञ्चोक, भक्तपुर र सिन्धुपाल्चोक जिल्लाको हिस्सा नगन्य रहेको छ।

## ३.२ कृषि उत्पादन


समीक्षा वर्षमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन ०.७ प्रतिशतले बढेको छ। गतवर्ष सो उत्पादन ७.८ प्रतिशतले बढेको थियो।

**खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा समग्र कृषि बालीमध्ये खाद्य तथा अन्य बालीको उत्पादन ४.४ प्रतिशतले बढेको छ। गतवर्ष सो उत्पादन १.० प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा धान उत्पादन ०.८ प्रतिशत, गहुँ उत्पादन ०.६ प्रतिशत, जौ उत्पादन ५.५ प्रतिशतले वृद्धि भएको छ भने मकै उत्पादन ०.३ प्रतिशत, कोदो उत्पादन ३.१ प्रतिशत, फापर उत्पादन ८.७ प्रतिशतले घटेको छ। गत वर्ष मकै उत्पादन २.७ प्रतिशत, कोदो उत्पादन ६.३ प्रतिशत, फापर उत्पादन ०.४ प्रतिशतले वृद्धि भएको थियो भने धान उत्पादन १.४ प्रतिशत, जौ उत्पादन १३.६ प्रतिशतले घटेको थियो। गत वर्ष गहुँ उत्पादनमा नगन्य मात्रामा कमी आएको थियो।

समीक्षा वर्षमा आलु उत्पादन १३.० प्रतिशत, तेलहन बालीको उत्पादन २२.३ प्रतिशतले वृद्धि भएको छ भने भटमास उत्पादन १७.६ प्रतिशत र दलहन बालीको उत्पादन १२.० प्रतिशतले घटेको छ। गत वर्ष आलु उत्पादन १.३ प्रतिशत, भटमास उत्पादन ०.२ प्रतिशत, तेलहन बालीको उत्पादन ०.९ प्रतिशतले वृद्धि भएको थियो भने दलहन बालीको उत्पादन १०.२ प्रतिशतले घटेको थियो।

आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशमा भएको खाद्य तथा अन्य बालीको उत्पादनमा आलु उत्पादनको हिस्सा ३४.६ प्रतिशत, मकै उत्पादनको हिस्सा २९.८ प्रतिशत र धान उत्पादनको हिस्सा २१.७ प्रतिशत रहेको छ। समीक्षा वर्षमा यस प्रदेशको कुल कृषि उत्पादनमा खाद्य तथा अन्य बालीको हिस्सा ६५.३ प्रतिशत रहेको छ।

**चार्ट ३.२ : प्रमुख खाद्यान्न बालीहरुको उत्पादन स्थिति (हजार मे.टनमा)**




*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय।*

**तरकारी :** समीक्षा वर्षमा तरकारीको उत्पादन ५.४ प्रतिशतले घटेको छ (चार्ट ३.२)। गत वर्षको सोही अवधिमा तरकारी उत्पादन २७.८ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा कुल कृषि उत्पादनमा तरकारी बालीको हिस्सा २६.५ प्रतिशत रहेको छ।

**फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूलको उत्पादन ०.५ प्रतिशतले घटेको छ। गत वर्ष फलफूलको उत्पादन ५.० प्रतिशतले बढेको थियो।

समीक्षा वर्षमा चिया उत्पादन ३.८ प्रतिशत, कफीको उत्पादन ०.७ प्रतिशतले बढेको छ भने मसला उत्पादन २१.५ प्रतिशतले घटेको छ। गतवर्ष मसलाको उत्पादन २.८ प्रतिशत र कफी उत्पादन २५.२ प्रतिशतले बढेको थियो भने, चिया उत्पादनमा कुनै परिवर्तन भएको थिएन। कुल कृषि उत्पादनमा मसलाको हिस्सा १.७ प्रतिशत रहेको छ भने फलफूलको हिस्सा ५.८ प्रतिशत रहको छ।

खाद्य तथा अन्य बालीको उत्पादनमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी १६.१ प्रतिशत र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम २.४ प्रतिशत रहेको छ। तरकारी तथा बागवानी उत्पादनमा काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा सबैभन्दा बढी २०.१ प्रतिशत र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम १.२ प्रतिशत रहेको छ। फलफूल उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी २८.५ प्रतिशत रहेको छ भने भक्तपुर जिल्लाको हिस्सा सबैभन्दा कम ०.६ प्रतिशत रहेको छ । त्यसैगरी, मसला उत्पादनमा सिन्धुली जिल्लाको हिस्सा सबैभन्दा बढी २६.३ प्रतिशत रहेको छ भने काठमाडौं जिल्लाको हिस्सा सबैभन्दा कम १.३ प्रतिशत रहेको छ (तालिका ३.२)।

**तालिका ३.२: कृषि बालीको उत्पादन**

| जिल्ला | उत्पादन (मेट्रिक टन) | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल | मसला |
| दोलखा | १०६१९६ | २२१३५ | ८७६८ | १३०९ | ४.६ | २.३ | ४.२ | २.२ |
| सिन्धुपाल्चोक | २१२३६४ | ५६०७४ | ६०१४ | - | ९.१ | ५.८ | २.९ | - |
| रसुवा | ५५७९६ | ११९३० | २७१३ | ३१०२ | २.४ | १.२ | १.३ | ५.२ |
| धादिङ्ग | १५२४०८ | ८६४११ | १८७३८ | ४६६३ | ६.६ | ९.० | ९.० | ७.८ |
| नुवाकोट | २३१९८४ | ५९५४८ | १०१५८ | ६१९६ | १०.० | ६.२ | ४.९ | १०.४ |
| काठमाडौं | ८६८६४ | १३३९०६ | ४९११ | १०६४ | ३.७ | १३.९ | २.४ | १.८ |
| भक्तपुर | ६०११५ | ४१९५७ | १२०० | ४१०२ | २.६ | ४.४ | ०.६ | ६.९ |
| ललितपुर | ९००७६ | १३३०९६ | ४६८३ | २८७८ | ३.९ | १३.८ | २.२ | ४.८ |
| काभ्रेपलाञ्चोक | ३७२८८२ | १९३६५८ | १३१२१ | - | १६.० | २०.१ | ६.३ | - |
| रामेछाप | १५४०३० | १२१४५ | २१२२८ | ३१४१ | ६.६ | १.३ | १०.२ | ५.३ |
| सिन्धुली | २१७३८४ | ३०३७२ | ५४०६३ | २०८५० | ९.४ | ३.१ | २५.९ | ३५.० |
| मकवानपुर | २५३०९० | ८०३०७ | ३७४० | ९१५९ | १०.९ | ८.३ | १.८ | १५.४ |
| चितवन | ३३१२०२ | १०२९०९ | ५९४४८ | ३०८३ | १४.२ | १०.७ | २८.५ | ५.२ |
| **जम्मा** | **२३२४३९३** | **९६४४४७** | **२०८७८५** | **५९५४७** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि ज्ञान केन्द्रहरू, कृषि विकास निर्देशनालय ।*
*नोट: सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोकबाट मसला बालीको उत्पादनको तथ्यांक प्राप्त नभएको ।*

## ३.३ पशुपन्छी, माछा तथा वनजन्य उत्पादन

**पशुपन्छी उत्पादन :** समीक्षा वर्षमा दुध उत्पादन २.३ प्रतिशत र अण्डा उत्पादन १५.१ प्रतिशतले बढेको छ भने मासु उत्पादन ०.७ प्रतिशतले घटेको छ । गत वर्ष मासु उत्पादन ०.१ प्रतिशतले बढेको थियो भने दुध उत्पादन ६.८ प्रतिशत र अण्डा उत्पादन ६.४ प्रतिशतले घटेको थियो ।

**माछा उत्पादन :** समीक्षा वर्षमा माछा उत्पादन ५.६ प्रतिशतले बढेको छ । गत वर्ष माछा उत्पादन १.२ प्रतिशतले घटेको थियो ।

**वनजन्य उत्पादन :** समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन १८.९ प्रतिशत र दाउरा उत्पादन २२.३ प्रतिशतले बढेको छ । गत वर्ष काठ उत्पादन १.७ प्रतिशतले घटेको थियो भने दाउरा उत्पादन १३.३ प्रतिशतले बढेको थियो ।

समीक्षा वर्षमा काभ्रेपलाञ्चोक जिल्लामा सबैभन्दा बढी (२१.७ प्रतिशत) दुध उत्पादन भएको छ भने रसुवा जिल्लामा सबैभन्दा कम (०.३ प्रतिशत) दुध उत्पादन भएको छ । मासु उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (१९.८ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (१.१ प्रतिशत) रहेको छ । अण्डा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (४४.४ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम ( ०.१ प्रतिशत) रहेको छ । यसैगरी, माछा उत्पादनमा चितवन जिल्लाको हिस्सा सबैभन्दा बढी (८१.७ प्रतिशत) र रसुवा जिल्लाको हिस्सा सबैभन्दा कम (०.०१८ प्रतिशत) रहेको छ (तालिका ३.३) ।

**तालिका ३.३ : प्रमुख पशुपन्छीजन्य उत्पादन**


| जिल्ला | उत्पादन | | | | जिल्लागत हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दुध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछापालन (मे.टन) | दुध | मासु | अण्डा | माछापालन |
| दोलखा | २३७६४ | ३४४२ | ८६७६ | ३ | ३.५ | ३.९ | १.२ | ०.० |
| सिन्धुपाल्चोक | २३९८७ | ५४९४ | ५३७८ | २३ | ३.५ | ६.२ | ०.७ | ०.४ |
| रसुवा | १८१० | १०१४ | ६४७ | १ | ०.३ | १.१ | ०.१ | ०.० |
| धादिङ्ग | २१२३० | ६६३० | २२०८१ | ३२ | ३.१ | ७.५ | २.९ | ०.६ |
| नुवाकोट | ३९५१० | ९७९० | ९४३३ | ४३ | ५.८ | ११.१ | १.३ | ०.७ |
| काठमाडौं | ५१२७४ | १२८४ | ६१२६५ | ६० | ७.५ | १.५ | ८.२ | १.१ |
| भक्तपुर | २५७८७ | १९०० | १०९४४ | २४ | ३.८ | २.२ | १.५ | ०.४ |
| ललितपुर | ११२८९५ | १८७४ | १०३१७५ | ५० | १६.४ | २.१ | १३.८ | ०.९ |
| काभ्रेपलाञ्चोक | १४९२८० | १२९३९ | ३०६६८ | ९७ | २१.७ | १४.७ | ४.१ | १.७ |
| रामेछाप | ३७६७२ | ६८३० | २४०७५ | २७ | ५.५ | ७.७ | ३.२ | ०.५ |
| सिन्धुली | ४३०५८ | ११०३८ | २३४६४ | ४६०.३ | ६.३ | १२.५ | ३.१ | ८.१ |
| मकवानपुर | ५८३२० | ८६१५ | ११६९२९ | २२० | ८.५ | ९.८ | १५.६ | ३.९ |
| चितवन | ९८१४१ | १७४५३ | ३३२३६० | ४६५५ | १४.३ | १९.८ | ४४.४ | ८१.७ |
| **जम्मा** | ६८६७२७.७ | ८८३०४ | ७४९०९३ | ५६९५ | १००.० | १००.० | १००.० | १००.० |

*स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू ।*

## ३.४ सिँचाइ

समीक्षा वर्षमा यस प्रदेशको कुल खेती गरिएको (३ लाख ७० हजार ६ सय ४२ हेक्टर) क्षेत्रफलमध्ये ३५.४ प्रतिशत (१ लाख ३१ हजार १ सय ७९ हेक्टर) क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ (चार्ट ३.३) ।

**चार्ट ३.३ : सिँचाइ क्षेत्रमा भएको विस्तार (हेक्टरमा)**




*स्रोत: जिल्लास्थित जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय ।*

समीक्षा वर्षमा यस प्रदेशको कुल सिञ्चित क्षेत्रफल ७.० प्रतिशतले वृद्धि भएको छ भने कुल खेती गरिएको क्षेत्रफल ६.३ प्रतिशतले घटेको छ । गत वर्ष सिञ्चित क्षेत्रफल ३.५ प्रतिशतले वृद्धि भएको थियो भने कुल खेती गरिएको क्षेत्रफल ०.०१ प्रतिशतले घटेको थियो ।

## ३.५ कृषि कर्जा

२०८१ असार मसान्तमा यस प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रमा प्रवाहित कर्जा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ५.१ प्रतिशतले कमी आई रु.१ खर्ब २० अर्ब पुगेको छ। गत वर्ष यस्तो कर्जा १६.९ प्रतिशतले वृद्धि भएको थियो। यस प्रदेशका बैंक तथा वित्तीय संस्थाले कुल कर्जाको ४.० प्रतिशत कर्जा कृषि क्षेत्रमा प्रवाह गरेका छन्।

कृषि क्षेत्रमा प्रवाहित कर्जामा काठमाडौं जिल्लाको हिस्सा ४६.२ प्रतिशत, चितवन जिल्लाको हिस्सा २६.५ प्रतिशत, मकवानपुर जिल्लाको हिस्सा ५.२ प्रतिशत, काभ्रेपलाञ्चोक जिल्लाको हिस्सा ४.७ प्रतिशत, धादिङ जिल्लाको हिस्सा ३.७ प्रतिशत, नुवाकोट जिल्लाको हिस्सा ३.४ प्रतिशत, ललितपुर जिल्लाको हिस्सा ३.१ प्रतिशत, भक्तपुर जिल्लाको हिस्सा २.७ प्रतिशत, सिन्धुली जिल्लाको हिस्सा १.८ प्रतिशत, सिन्धुपाल्चोक जिल्लाको हिस्सा १.० प्रतिशत, रामेछाप जिल्लाको हिस्सा ०.७ प्रतिशत, रसुवा जिल्लाको हिस्सा ०.६ प्रतिशत, र दोलखा जिल्लाको हिस्सा ०.५ प्रतिशत रहेको छ (तालिका ३.४)। जिल्लागत कृषि कर्जाको अवस्था हेर्दा काठमाडौं र चितवनमा अधिकेन्द्रित भएको देखिन्छ। अधिकांश बैंक तथा वित्तीय संस्थाहरुको कर्जा सीमा बमोजिम केन्द्रीय एवम् क्षेत्रीय कार्यालयहरुबाट कर्जा स्वीकृत हुने र ती कार्यालयहरु काठमाडौं एवम् चितवन जिल्लामा हुनुका कारण सो जिल्लाहरुको उक्त शीर्षकमा कृषि कर्जाको हिस्सा बढी हुने गरेको अनुमान छ।

**तालिका ३.४ : जिल्लागत कृषि कर्जा**

| जिल्ला | कृषि कर्जा (रु दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ६०१.३९ | ०.५ |
| सिन्धुपाल्चोक | ११८५.४९ | १.० |
| रसुवा | ६८०.३८ | ०.६ |
| धादिङ्ग | ४४०८.८६ | ३.७ |
| नुवाकोट | ४१३३.८० | ३.४ |
| काठमाडौं | ५५५४९.९७ | ४६.२ |
| भक्तपुर | ३२३०.२० | २.७ |
| ललितपुर | ३६८४.४८ | ३.१ |
| काभ्रेपलाञ्चोक | ५६१७.४९ | ४.७ |
| रामेछाप | ८१२.३१ | ०.७ |
| सिन्धुली | २१६६.६६ | १.८ |
| मकवानपुर | ६२७१.८१ | ५.२ |
| चितवन | ३१८५९.८६ | २६.५ |
| **जम्मा** | १२०२०२.६९ | १००.० |

*स्रोत: नेपाल राष्ट्र बैंक।*

## ३.६ कृषि क्षेत्रका चुनौती तथा सम्भावना

### चुनौती

- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउनु।
- पछिल्लो समय कुखुराको दानाको मूल्यमा भएको वृद्धि र कुखुराको अनौपचारिक आयातका कारण संकटमा परेका ह्याचरी तथा पोल्ट्रि उद्योगको पुनरुत्थान गरी बजार मागको अनुपातमा उत्पादन बढाउनु।
- बागमती प्रदेश सरकारको लगानीमा निर्माणाधीन र सम्पन्न भई अलपत्र परेका एक दर्जन शीत भण्डारलाई पूर्ण क्षमतामा सञ्चालन गर्नु।

- कृषियोग्य जग्गा खण्डीकरण हुन र बाँझो हुनबाट जोगाउन एवम् जग्गा वर्गीकरणको कारण खेतीयोग्य जमिन घडेरीमा परिणत हुँदै गएको अवस्थामा कृषि भूमि लोप हुन नदिन खेतीयोग्य जमिनको संरक्षणको लागि स्पष्ट कानूनी व्यवस्था बनाउनु ।
- बढ्दो तापक्रम, डढेलो, आगलागी, अनिश्चित वर्षा, बाढी, पहिरो, असिना, जस्ता प्रकोपहरुले गर्दा कृषि उत्पादनमा परेको नकारात्मक असरलाई कम गर्नु तथा जलवायु परिवर्तन, अव्यवस्थित सहरीकरणको प्रतिकुल प्रभावका कारण पानीको स्रोतहरु सुक्दै गएको परिस्थितिमा कृषिजन्य उत्पादनका लागि आवश्यक पर्ने सिँचाइको उपलब्धता सुनिश्चित गर्दै खाद्य सुरक्षाको सुनिश्चित गर्नु ।
- युवाहरुको विदेश पलायनले विप्रेषण बढे पनि ग्रामीण अर्थतन्त्र भने आत्मनिर्भरताबाट परनिर्भरतातर्फ धकेलिएको अवस्थामा युवाहरुलाई विदेशबाट स्वदेशमै फर्काइ विदेशमा सिकेको ज्ञान, सिप र प्रविधिको उच्चतम प्रयोग गरी कृषि क्षेत्र चलायमान बनाई उत्पादन र उत्पादकत्व बढाउनु ।

### सम्भावना

- काठमाडौं उपत्यका लगायत बागमती प्रदेशका अन्य मुख्य शहरहरु तरकारी खेती र फलफूल खेतीमा मात्र केन्द्रित भइरहेको अवस्थामा पर्यटकहरुलाई Agrotourism तर्फ आकर्षित गर्नसक्ने सम्भावना रहेको ।
- बागमती प्रदेशका पहाडी जिल्लामा रहेको बाँझो जमिनलाई स्थानीय सरकारको पहलमा नगदे बाली र चरिचरनका लागि उपयोग गर्न सके कृषि तथा पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको ।
- सामूहिक खेती प्रवर्द्धन गरी समग्र कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन सकिने सम्भावना रहेको ।

# परिच्छेद ४ : उद्योग क्षेत्र


## ४.१ प्रमुख उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशका नमुना छनौटमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४३.४ प्रतिशत रहेको छ। गत वर्ष नमुनामा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४६.७ प्रतिशत रहेको थियो । नमुना छनौटमा परेका उद्योगहरुमध्ये पश्मिना उद्योगले सबैभन्दा बढी क्षमता उपयोग गरेको छ भने औषधी मध्येको ड्राईसिरपको क्षमता उपयोग सबैभन्दा कम रहेको छ ।

समीक्षा वर्षमा नमुना छनौटमा समेटिएका उद्योगका उत्पादनमध्ये प्रशोधित दुध, पश्मिना, सिमेन्ट, तथा औषधीमध्येको ट्याब्लेट, क्याप्सुल, ड्राईसिरप र लिक्विडको उत्पादन बढेको छ भने चाउचाउ, हल्का पेय पदार्थ, बियर, रंग, गार्मेन्ट, कपडाको जुत्ता, पशुदाना, चुरोट, इँटा, टान्सफर्मर, बिजुली तथा औषधीमध्येको ओइन्टमेन्टको उत्पादन घटेको छ ।

समीक्षा वर्षमा अध्ययनमा समेटिएका उद्योगहरुले ८,४९३ स्वदेशी र १३५ विदेशी गरी कुल ८,६२८ जनालाई रोजगारी प्रदान गरेका छन् ।

**चार्ट ४.१: प्रमुख औद्योगिक वस्तुको क्षमता उपयोग (आ.व. २०८०/८१)**




*स्रोत: अध्ययन क्षेत्रका उद्योगहरू ।*

## ४.२ बागमती प्रदेशमा दर्ता भएका उद्योगको विवरण

यस प्रदेशमा सञ्चालित अधिकांश उद्योगहरु काठमाडौं उपत्यका, चितवन र मकवानपुरमा अवस्थित छन् । यस प्रदेशमा रहेका प्रमुख उद्योगहरुमा छालाका जुत्ता, कपडाका जुत्ता, गलैंचा, पश्मिना, फेल्टका सामान, जीवजन्तुको आहार, ऊनको तयारी पोशाक, सुर्तीको तयारी पोशाक, सजावटका सामान, चाउचाउ, बिस्कुट, पेय पदार्थ, इँटा, औषधी र सिमेन्ट उद्योगहरु पर्दछन् ।

आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशमा पर्यटनमा १०९, सेवामा १०५, उत्पादनमूलक क्षेत्रमा ३८, सूचना तथा प्रविधिमा १८, पूर्वाधारमा ९, कृषि तथा वनमा ६, उर्जामा ४ र खनिजजन्यमा १ गरी कुल २९० उद्योगहरु दर्ता भएका छन् । जसमा १५ वटा ठूला, १६ वटा मझौला र २५९ वटा साना उद्योगहरु रहेका छन् । स्थापना गरिएका यस्ता उद्योगहरूको सञ्चालनसँगै बागमती प्रदेशको आर्थिक विकासमा थप टेवा पुग्ने देखिन्छ । आर्थिक वर्ष २०८०/८१ मा प्रदेशका जिल्लाहरुमध्ये सिन्धुलीमा कुनै पनि उद्योग दर्ता भएका छैनन् ।

**तालिका ४.१: बागमती प्रदेशमा २०७९ साउनदेखि २०८० असार मसान्तसम्म दर्ता भएका उद्योगको विवरण**

| जिल्ला | उद्योग संख्या | रू. दश लाखमा | | | प्रस्तावित रोजगारी संख्या |
|---|---|---|---|---|---|
| | | प्रस्तावित कुल पुँजी | स्थिर पुंजी | कार्यशील पुंजी | |
| दोलखा | १ | २०.०० | १६.८५ | ३.१५ | ३० |
| सिन्धुपाल्चोक | २ | ६७०.०० | ६५५.५८ | १४.४३ | ४६ |
| रसुवा | २ | ३४१०.८७ | ३३४०.८० | ७०.०७ | ९० |
| धादिङ्ग | १ | ३२.५० | २७.५० | ५.०० | ५० |
| नुवाकोट | १ | २१.०० | १५.०० | ६.०० | २० |
| काठमाडौं | १९१ | ३६४०४.७१ | २१०३८.९८ | १५३६५.७३ | ९८३७ |
| भक्तपुर | ३८ | ४७३२.२९ | ३६०५.४२ | ११२६.८७ | २११२ |
| ललितपुर | २९ | १६६०८.८५ | ९०९१.३१ | ७५१७.५४ | १५२७ |
| काभ्रेपलाञ्चोक | ६ | ६४०.४५ | ५३६.७० | १०३.७५ | २६१ |
| रामेछाप | १ | २०.०० | १९.५० | ०.५० | ९ |
| मकवानपुर | ७ | १२३१.०९ | ९८३.३१ | २४७.७८ | ४०१ |
| चितवन | ११ | ६००२.५७ | ५५३७.४६ | ४६५.११ | ५९२ |
| **जम्मा (कुल)** | **२९०** | **६९७९४.३३** | **४४८६८.४०** | **२४९२५.९३** | **१४९७५** |

*स्रोत: उद्योग विभाग ।*

आर्थिक वर्ष २०८० साउनदेखि २०८१ असार मसान्तसम्म यस प्रदेशमा दर्ता भएका २९० वटा उद्योगहरूको प्रस्तावित कुल पुँजी रु. ६९ अर्ब ७९ करोड रहेको छ। यी दर्ता भएका उद्योगहरुको प्रस्तावित रोजगारी संख्या कुल १४ हजार ९ सय ७५ रहेको छ।

## ४.३ औद्योगिक कर्जा

२०८१ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाहरूले यस प्रदेशका औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा ११.५ प्रतिशतले वृद्धि भई रु.१० खर्ब ६३ अर्ब ९४ करोड पुगेको छ। गत वर्ष यस्तो कर्जा १३.२ प्रतिशतले वृद्धि भई रु.९ खर्ब ५४ अर्ब १ करोड पुगेको थियो (तालिका ४.१)। यस प्रदेशमा प्रवाह भएको कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३५.६ प्रतिशत रहेको छ। औद्योगिक कर्जामध्ये काठमाडौं जिल्लामा सबैभन्दा बढी रु.९ खर्ब ७४ अर्ब २६ करोड (९१.६ प्रतिशत) कर्जा लगानी रहेको छ भने रसुवा जिल्लामा सबैभन्दा कम रु.१७ करोड (०.०२ प्रतिशत) कर्जा लगानी रहेको छ (तालिका ४.२)। अधिकांश औद्योगिक प्रतिष्ठानहरुको केन्द्रीय कार्यालय काठमाडौंमा रहेकोले औद्योगिक कर्जाको उच्च हिस्सा काठमाडौंमा रहेको अनुमान छ।

**तालिका ४.२: जिल्लागत औद्योगिक कर्जा**

| जिल्ला | रकम (रु दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ८९५.७२ | ०.१ |
| सिन्धुपाल्चोक | ४४९.६५ | ०.० |
| रसुवा | १७१.८३ | ०.० |
| धादिङ्ग | २,२२०.२१ | ०.२ |
| नुवाकोट | १,६५२.१४ | ०.२ |
| काठमाडौं | ९,७४,२६५.६० | ९१.६ |
| भक्तपुर | ७,०८५.८८ | ०.७ |
| ललितपुर | २७,२२७.५१ | २.६ |


| जिल्ला | रकम (रु दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| काभ्रेपलाञ्चोक | ४,८३९.०९ | ०.५ |
| रामेछाप | ५९१.२० | ०.१ |
| सिन्धुली | १,४६७.४० | ०.१ |
| मकवानपुर | १०,४७०.४२ | १.० |
| चितवन | ३२,६११.१० | ३.१ |
| **जम्मा (कुल)** | **१०६३९४७.७५** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

कुल औद्योगिक कर्जामा विद्युत, ग्याँस तथा पानीको हिस्सा ३४.३ प्रतिशत, गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगको हिस्सा ३४.२ प्रतिशत, कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगको हिस्सा १४.० प्रतिशत, निर्माण उद्योगको हिस्सा १२.६ प्रतिशत, धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगको हिस्सा ४.१ प्रतिशतल र खानी उत्पादन सम्बन्धी उद्योगको हिस्सा ०.८ प्रतिशत रहेको छ ।

कुल औद्योगिक कर्जामध्ये खानी उत्पादन सम्बन्धी उद्योगमा २१.१ प्रतिशतले, विद्युत, ग्याँस तथा पानीमा २१.० प्रतिशतले, कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उद्योगमा १३.४ प्रतिशतले, निर्माण उद्योगमा ७.८ प्रतिशतले र गैरखाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा ६.४ प्रतिशतले कर्जा बढेको छ भने धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा ८.१ प्रतिशतले कर्जा घटेको छ ।

**चार्ट : ४.२ औद्योगिक कर्जा लगानी स्थिति (रु.अर्बमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

**बक्स १: माथिल्लो त्रिशुली ३ ए जलविद्युत आयोजना**

काठमाडौंबाट ९५ किलोमिटर उत्तरमा रसुवा र नुवाकोट जिल्लामा ६० मेगावाट क्षमताको माथिल्लो त्रिशुली ३ ए जलविद्युत आयोजना अवस्थित रहेको छ। नेपाल विद्युत प्राधिकरण र चिनिया एक्जिम बैंकको सहुलियतपूर्ण ऋण लगानीमा निर्माण भएको यस आयोजना रन अफ रिभर प्रोजेक्ट हो। यस आयोजनाको बाँधस्थल रसुवा जिल्लाको उत्तरगया गाउँपालिका वडा नं. १ सल्लेटारमा पर्दछ भने विद्युत् गृह/पावरहाउस बाँधस्थलबाट करिब ५ कि.मी. दक्षिण-पश्चिम नुवाकोट जिल्लाको किस्पाङ-५ सिम्लेमा अवस्थित छ।







सन् २०११ मा निर्माण सुरु भएको उक्त आयोजनाको इन्जिनियरिङ, खरिद, विद्युत गृह, बाँध, सुरुङलगायतका संरचना निर्माण र इलेक्ट्रोमेकानिकल तथा हाइड्रो मेकानिकलको काम गर्न चाइना गेजुवा ग्रुप कर्पोरेशन (सीजीजीसी) लाई ठेक्का दिइएको थियो। रु. १३ अर्ब ९९ करोडको लगानीमा आयोजना सम्पन्न भएको हो। आयोजनामा दुई वटा टर्बाइन रहेका छन् जसले ३०-३० मेगावाट विद्युत उत्पादन गर्दै आएका छन्। आयोजनाको कुल हेड १४४.५ मिटर छ। आयोजनाले ४८९.७६ गिगावाट घण्टा विद्युत उत्पादन गर्दै आएकोमा न्यूनतम विद्युत उत्पादन ४३.७५ मेगावाट रहेको छ।

विद्युत गृह भूमिगत बनाउने वा सतही बनाउने विवाद, क्षमता बढाउने निर्णयमा ढिलाई लगायत सन् २०१५ मा आएको भुकम्पले आयोजनाको भौतिक संरचना प्रभावित भएका कारण आयोजनाको निर्माण कार्यमा ढिलाई भएपछि निर्माणको म्याद थप भई सम्पन्न परियोजना सन् २०१९ देखि व्यावसायिक रूपमा सञ्चालनमा आएको हो। देशमा खपत हुने कुल ऊर्जामा यस आयोजनाको ८ प्रतिशत योगदान रहेको छ। यस आयोजनाले कुल उत्पादनको करिब ४६% विद्युत सुख्खा याममा उत्पादन गर्दै आईरहेका कारण नेपालको उर्जा व्यवस्थापनमा यो आयोजना एक कोशेढुङ्गा सावित भएको छ। वर्षायाममा हिलो सहितको पानीले आयोजनाको टर्बाइनमा बेलाबेलामा समस्या उत्पन्न हुने गरेकोले विद्युत आपूर्तिमा समस्या हुने गरेको जानकारी पाइयो।

*स्रोत: स्थलगत सर्वेक्षण।*

**बक्स २: गोर्खा लाहारी प्रा.लि.**

सन् १९८७ मा स्थापना भएको गोर्खा लाहारी प्रा.लि. एक विशिष्ट सुर्तीजन्य पदार्थ उत्पादन गर्ने कम्पनी हो। यसले प्रिमियम सुर्तीजन्य पदार्थ उत्पादन र वितरण गरी औद्योगिक क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै समग्र देशकै अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ। विश्वभरका उपभोक्ताहरूको परिष्कृत स्वाद पूरा गर्ने भिजनका साथ स्थापना भएको गोर्खा लाहारीले फिल्टर किंग्स, क्याप्टेन, नेपाल गोल्ड फ्लेक, सहारा र गोरखाजस्ता सफल चुरोटका ब्रान्ड निर्माण गरिसकेको छ र सुर्तीजन्य पदार्थबाहेक त्रिपुरा इन्डस्ट्रिजको नाममा कैलाश, उदय र चमेली चिया जस्ता विभिन्न ब्राण्डका चिया उत्पादन गर्दै आएको छ।

हेटौडा औद्योगिक क्षेत्रमा अवस्थित कम्पनीको कर्पोरेट हेडक्वार्टर ललितपुरमा रहेको छ। नेपालभर यसको ८ वटा शाखाहरु संचालनमा छन्। रु.८० करोड नेपाली रुपैयाँ अधिकृत पुँजी, रु.१८ करोड ७० लाख रुपैयाँ चुक्ता पुँजी र रु.४९.५ करोड रुपैयाँ जगेडा कोष तथा सरप्लस रहेको गोर्खा लाहारी प्रा.लि.ले कर भुक्तानीमार्फत् राष्ट्रिय अर्थतन्त्रमा वार्षिक करिब साढे तीन अर्ब रुपैयाँ योगदान पुऱ्याउँदै आएको कम्पनीले जनाएको छ।

चुरोटको उत्पादनमा विशेषज्ञता हासिल गरेको यो कम्पनी प्रति वर्ष ५० लाख खिल्ली चुरोटको उत्पादन क्षमतामा सञ्चालित छ। तथापि, विभिन्न चुनौतीहरुको कारणले गर्दा कम्पनी पूर्ण क्षमतामा सञ्चालन हुनसकेको छैन। कम्पनीले ८० प्रतिशत कच्चा पदार्थको पूर्ति भारत, इन्डोनेसिया लगायतका देशहरुबाट गर्ने गरेको छ भने बाँकी २० प्रतिशत नेपालमै खरिद गर्ने गरेको छ। यो रणनीतिले गोर्खा लाहारी प्रा.लि.लाई आफ्नो मुख्य उत्पादन चुरोटको निरन्तर गुणस्तर सुनिश्चित गर्न मद्दत गरेको छ।







यस कम्पनीले १६० जना भन्दा बढी व्यक्तिहरुलाई रोजगारी दिएको छ। कुल शेयर लगानीमा ९८.५४% प्रत्यक्ष वैदेशिक लगानी (विदेशी लगानी ९६.२५% र भारतीय लगानी २.२९%) मा आधारित उद्यमको रूपमा यसले अन्तर्राष्ट्रिय लगानी आकर्षित गरेको छ। जसले यसको सञ्चालन दक्षता र प्राविधिक प्रगतिमा सहयोग गरेको छ। समुदायप्रति आफ्नो दायित्वलाई बुझ्दै कम्पनीले संस्थागत सामाजिक उतरदायित्व-**CSR (Corporate Social Responsibility)** अन्तर्गत विभिन्न रणनीतिक कार्यक्रमहरू मार्फत् दिगो एवम् सकारात्मक प्रभावहरू सिर्जना गर्दै आईरहेको छ (जस्तै, वृक्षारोपण र फोहोर व्यवस्थापनको माध्यमबाट पर्यावरणको संरक्षण, सार्वजनिक स्वास्थ्य सुधार गर्ने उद्देश्यले स्वास्थ्य शिविर संचालन, सुर्ती उत्पादक कृषकहरुलाई समर्थन गर्न वित्तीय सहयोगका कार्यक्रमहरु आदि)।

सुर्तीजन्य पदार्थको उपभोग मानव स्वास्थ्यको हिसावले प्रतिकुल भएका कारण सरकारबाट सहयोग नहुनु, सुर्ती उद्योगलाई प्रभाव पार्ने स्वास्थ्य सचेतना कार्यक्रमहरू बढदै जानु, उच्च कर दर र अन्तःशुल्क रहनु, सूर्य नेपाल जस्ता प्रतिष्ठित कम्पनीहरूको प्रतिस्पर्धाको सामना र प्राविधिक जनशक्तिको कमी लगायतका चुनौती यस कम्पनीले सामना गर्दै आएको छ।

*स्रोत: स्थलगत सर्वेक्षण।*

## ४.४ औद्योगिक क्षेत्रको चुनौती तथा सम्भावना

### चुनौती

- नेपालको मौलिक हस्तकला, सुन तथा चाँदीका गरगहना तथा ढलोट तथा तामाका सामग्री बनाउने पुर्ख्यौली व्यवसायबाट पछिल्लो पुस्ता विस्थापित हुँदै गएकोले यस व्यवसायको स्थायित्व तथा आकर्षण कायम राख्नु साथै यस्ता सामग्रीको अन्तर्राष्ट्रियकरण गर्न Mass Production मा जोड दिनु।
- जडीवुटी उद्योगले उत्पादन गरेका वस्तुहरु प्रशोधन र भण्डारण गर्ने पूर्वाधार नभएकाले यस्ता उद्योगको उत्पादन खरिद गर्ने सुनिश्चितता गर्नु।

### सम्भावना

- ब्याजदर घटिरहेको अवस्थामा उद्योग व्यवसायीहरुले बैंक तथा वित्तीय संस्थाबाट थप कर्जा उपयोग गर्ने वातावरण सिर्जना गरेमा औद्योगिक उत्पादन बढ्न सक्ने।
- विदेशबाट फर्किएका नेपालीहरुले संचालन गर्न खोजेका उद्योगहरुलाई आर्थिक/प्राविधिक सीपमूलक तालिमको व्यवस्था गर्न सकेमा साना तथा मझौला उद्योगीको मनोबल वृद्धि गर्न सकिने।
- पूर्वाधार निर्माणको कामलाई द्रुततर गतिमा अगाडि बढाउन सकेमा फलाम, सिमेन्ट, इट्टा लगायतका निर्माण सम्बन्धी उद्योगहरुको कारोबार बढ्न सक्ने।
- यस प्रदेशमा भएका मासुजन्य उद्योगहरुबाट निस्किने उप उत्पादन जस्तैः छाला, हाड, बोसो लगायत अन्य उत्पादनलाई कच्चा पदार्थका रुपमा प्रयोग गर्ने उद्योगहरुको (जस्तैः कस्मेटिक, साबुन तथा अन्य) सम्भावना रहेको।
- यस प्रदेशमा हिमाली भेगको पानी प्रशोधन गरी प्याक गर्ने मिनरल वाटरका थप उद्योग स्थापना गरी मिनरल वाटर निर्यात गर्न सकिने।

# परिच्छेद ५ : सेवा क्षेत्र


सेवा क्षेत्र अन्तर्गत पर्यटन, सार्वजनिक निर्माण तथा रियलस्टेट सम्बन्धी कारोबार, वित्तीय सेवा र यातायात सेवाहरु समेटिएको छ ।

## ५.१ पर्यटन

यस प्रदेशमा रहेका ३ वटै विमानस्थलहरु सञ्चालनमा रहेका छन् । त्यसैगरी, यस प्रदेशमा ५६ धार्मिक स्थल, ८ विश्व सम्पदा सुचीमा सूचीकृत सम्पदा र १९ पर्यटकीय पार्क रहेका छन् ।

समीक्षा वर्षमा अध्ययनमा समेटिएका होटलहरुको औसत अकुपेन्सी ४९.४ प्रतिशत रहेको छ । अघिल्लो वर्ष औसत अकुपेन्सी ४५.२ प्रतिशत रहेको थियो । विदेशी पर्यटक आगमन बढेको तथा आन्तरिक पर्यटकहरु समेत बढेकाले होटल, रेष्टुरेन्ट तथा ट्रेकिङ लगायतका पर्यटकीय गतिविधिहरू बढ्दै गएका छन् । २०८० असोजदेखि होटलहरुको अकुपेन्सीमा क्रमशः सुधार देखिएको छ । आर्थिक वर्ष २०८०/८१ को साउन महिना बाहेकका महिनाहरुमा अकुपेन्सी ४० प्रतिशतभन्दा माथि रहेको छ । २०८० साउनमा ३४.६ प्रतिशत रहेको अकुपेन्सी २०८० चैतमा ६४.२ प्रतिशत पुगेको छ ।

**चार्ट ५.१: बागमती प्रदेशमा नमुना छनौटमा परेका होटलको अकुपेन्सी (प्रतिशत)**




*स्रोतः स्थलगत सर्वेक्षण ।*

## ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्या ४०.८ प्रतिशतले घटेको छ (तालिका ५.२) । गत वर्षको सोही अवधिमा सो संख्या १७.९ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व ५.० प्रतिशतले घटेर रु.१ खर्ब ७३ अर्ब कायम भएको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्व २६.२३ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा घर/भवन नक्सापास सङ्ख्या १५.२ प्रतिशतले घटेको छ ।

**तालिका ५.१ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| शीर्षक | २०८० असार | २०८१ असार | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| घरजग्गा रजिष्ट्रेशन सङ्ख्या | १३१,८१९.०० | ७८,०२३.०० | -४०.८ |
| घर/भवन स्थायी नक्सा पास सङ्ख्या | १८४६६.०० | १५६७२.०० | -१५.२ |
| घरजग्गा रजिष्ट्रेशन राजस्व (रु.करोडमा) | १८,२७०.६३ | १७,३५८.२१ | -५.० |

*स्रोत : मालपोत कार्यालय तथा महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका कार्यालय ।*

## ५.३ वित्तीय सेवा

यस प्रदेशमा आर्थिक वर्ष २०८१ असार मसान्तसम्ममा वाणिज्य बैंकका १८३९, विकास बैंकका ३३५, वित्त कम्पनीका १०८, लघुवित्त वित्तीय संस्थाका ७५६ तथा पूर्वाधार विकास बैंकको १ गरी जम्मा ३०३९ शाखा सञ्चालनमा रहेका छन् । यसमध्ये काठमाडौंमा सबैभन्दा बढी १ हजार २०५ शाखा सञ्चालनमा रहेका छन् ।


**तालिका ५.२ : बैंक तथा वित्तीय संस्थाका शाखाहरुको जिल्लागत उपस्थिति**

| जिल्ला | २०८० असार | २०८१ असार |
|---|---|---|
| दोलखा | ६३ | ६५ |
| सिन्धुपाल्चोक | ९७ | ९६ |
| रसुवा | ५२ | ५२ |
| धादिङ | १५३ | १५२ |
| नुवाकोट | ११६ | ११६ |
| काठमाडौं | ११९१ | १२०५ |
| भक्तपुर | १७० | १७३ |
| ललितपुर | ३०५ | ३१७ |
| काभ्रेपलाञ्चोक | १८९ | १८७ |
| रामेछाप | ५७ | ५५ |
| सिन्धुली | ११२ | ११२ |
| मकवानपुर | १६३ | १५८ |
| चितवन | ३५८ | ३५१ |
| **जम्मा** | **३०२६** | **३०३९** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

आ.व. २०७४/७५ को मौद्रिक नीतिमा सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा स्थापना गर्नुपर्ने व्यवस्था पश्चात बागमती प्रदेशका सबै ११९ स्थानीय तहहरुमा बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति पुगेको छ । बैंक तथा वित्तीय संस्थाले यस प्रदेशबाट संकलन गरेको कुल निक्षेप २०८० असार मसान्तको तुलनामा ११.९ प्रतिशतले वृद्धि भई २०८१ असार मसान्तमा रु.४३ खर्ब २८ अर्ब २७ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप १०.२ प्रतिशतले वृद्धि भएको थियो ।

**चार्ट ५.२: निक्षेप तथा कर्जा स्थिति (रु.दश लाखमा)**




*स्रोत: नेपाल राष्ट्र बैंक ।*

बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा प्रवाह गरेको कर्जा २०८० असार मसान्तको तुलनामा ८.५ प्रतिशतले वृद्धि भई २०८१ असार मसान्तमा रु.२९ खर्ब ८४ अर्ब ६७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो कर्जा ४.९

प्रतिशतले वृद्धि भएको थियो । २०८१ असार मसान्तमा कर्जा निक्षेप अनुपात ६८.९ प्रतिशत रहेको छ । अघिल्लो वर्ष यस्तो अनुपात ७१.१ प्रतिशत रहेको थियो ।

## ५.४ फण्ड ट्रान्सफर

समीक्षा वर्षमा बागमती प्रदेशमा रहेका १० वटा नोटकोषमा मुद्रा व्यवस्थापन विभागबाट रु.७ अर्ब ६१ करोड फण्ड ट्रान्सफर भएको छ । गत वर्षको सोही अवधिमा रु.२ अर्ब ६५ करोड फण्ड ट्रान्सफर भएको थियो ।

## ५.५ शिक्षा

बागमती प्रदेशबाट प्रकाशित आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार शैक्षिक सत्र २०७९ मा ६,९२४ विद्यालय सञ्चालनमा रहेकोमा शैक्षिक सत्र २०८० मा सो संख्या १.२५ प्रतिशतले घटेर ६,८३७ रहेका छन् । त्यसैगरी, शैक्षिक सत्र २०७९ मा कुल विद्यार्थी संख्या १३ लाख ७८ हजार ७ सय ४३ रहेकोमा शैक्षिक सत्र २०८० मा २.३१ प्रतिशतले घटेर कुल विद्यार्थी संख्या १३ लाख ४६ हजार ८ सय ५८ रहेको छ ।

## ५.६ स्वास्थ्य

बागमती प्रदेशमा २०८० फागुन मसान्तमा कुल प्रादेशिक अस्पताल १३, विशिष्टीकृत अस्पताल २७, आधारभूत अस्पताल ६३, अस्पताल १०५, शिक्षण अस्पताल १३, स्वास्थ्य कार्यालय १३, आयुर्वेद स्वास्थ्य केन्द्र १३, आयुर्वेद औषधी उत्पादन केन्द्र १, प्राथमिक स्वास्थ्य केन्द्र ४०, स्वास्थ्य चौकी ६४३, शहरी स्वास्थ्य केन्द्र २००, आधारभूत स्वास्थ्य केन्द्र १३०३, सामुदायिक स्वास्थ्य ईकाइ १८८, आयुर्वेद औषधालय ५१, निजी अस्पताल १५३६, नागरिक आरोग्य केन्द्र ५२ गरी जम्मा ४२६१ स्वास्थ्य संस्था रहेका छन् (स्रोतः बागमती प्रदेश आर्थिक सर्वेक्षण, २०८०/८१) ।

## ५.७ यातायात

आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेशमा सवारी दर्ता संख्या ८.० प्रतिशतले बढेर ९० हजार ९ सय ९ पुगेको छ । यसमध्ये मोटरसाईकल संख्या १५.७ प्रतिशतले बढेको छ भने अन्य सवारी साधन संख्या ३६.९ प्रतिशतले घटेको छ ।

**तालिका ५.३: यातायातका साधनको विवरण**

| विवरण | २०७८/७९ | २०७९/८० | २०८०/८१ | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ |
| मोटरसाईकल | १२७३२८ | ७१८७६ | ८३१५७ | -४३.६ | १५.७ |
| अन्य | १४४१० | १२२९५ | ७७५२ | -१४.७ | -३६.९ |
| **यातायातका साधनको कुल संख्या** | **१४१७३८** | **८४१७१** | **९०९०९** | **-४०.६** | **८.०** |

*स्रोतः यातायात पूर्वाधार निर्देशनालय, डिभिजन सडक कार्यालय ।*

## ५.८ सेवा क्षेत्र कर्जा

२०८१ असार मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा ७.९ प्रतिशतले वृद्धि भई रु.१८ खर्ब ५३ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ०.७ प्रतिशतले घटेको थियो । कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ६०.३ प्रतिशत रहेको छ ।

कुल सेवा क्षेत्र अन्तर्गत, वित्त, बीमा तथा अचल सम्पत्ति क्षेत्रमा १७.५१ प्रतिशतले, पर्यटन क्षेत्रमा ११.०६ प्रतिशतले, उपभोग्य क्षेत्रमा ९.२७ प्रतिशतले, रियल स्टेट क्षेत्रमा ७.७२ प्रतिशतले र थोक तथा खुद्रा व्यापार क्षेत्रमा ४.१५ प्रतिशतले कर्जा वृद्धि भएको छ भने यातायात, भण्डारण र सञ्चार क्षेत्रमा ९.४५ प्रतिशतले कर्जा घटेको छ ।

**तालिका ५.४: जिल्लागत सेवा क्षेत्र कर्जा**

| जिल्ला | रकम (रु दश लाखमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| दोलखा | ४,९६४.८५ | ०.३ |
| सिन्धुपाल्चोक | ५,४८६.३६ | ०.३ |
| रसुवा | १,९७२.६२ | ०.१ |
| धादिङ्ग | २२,८८३.४० | १.३ |
| नुवाकोट | १४,००८.३४ | ०.८ |
| काठमाडौं | १,३४२,९३६.८६ | ७४.६ |
| भक्तपुर | ५४,१५९.७८ | ३.० |
| ललितपुर | १३१,२५४.०५ | ७.३ |
| काभ्रेपलाञ्चोक | ३८,८७६.१४ | २.२ |
| रामेछाप | ३,६५८.७८ | ०.२ |
| सिन्धुली | १०,३३७.१५ | ०.६ |
| मकवानपुर | ४६,४८४.०२ | २.६ |
| चितवन | १२३,५०४.११ | ६.९ |
| **जम्मा** | **१,८००,५२६.४६** | **१००.०** |

*स्रोत: नेपाल राष्ट्र बैंक ।*

सेवा क्षेत्र अन्तर्गत प्रवाह भएको कर्जामा काठमाडौं जिल्लाको अंश सबैभन्दा बढी (७४.६ प्रतिशत) रहेको छ ( तालिका ५.३) । अधिकांश बैंक तथा वित्तीय संस्थाको केन्द्रीय कार्यालय काठमाडौंमा रहेको र ठूला रकमको कर्जा स्वीकृति केन्द्रीय कार्यालयबाट हुने भएकोले सेवा कर्जाको उच्च हिस्सा काठमाडौंमा रहेको अनुमान छ ।

## ५.९ सहकारी

समीक्षा वर्षमा यस प्रदेशका सहकारीहरुमध्ये नमुना छनोटमा परेका ९ वटा सहकारीहरुको २०८१ असार मसान्तसम्म कुल पुँजी रु.५ अर्ब ५५ करोड रहेको छ (तालिका ५.६) । त्यसैगरी, यी सहकारी संस्थाहरूमा रु.१२ अर्ब ५१ करोड ५५ लाख कुल बचत रहेको छ भने कुल ऋण रु.९ अर्ब ८३ करोड रहेको छ । यी सहकारी संस्थाहरूमा कुल बचत २०८० असार मसान्तको तुलनामा ५.८ प्रतिशतले बढेको छ भने कुल कर्जा ७.७ प्रतिशतले घटेको छ । अध्ययनमा समेटिएका सहकारी संस्थाहरुको २०८१ असार मसान्तमा कुल ९७,३९९ सदस्यहरु र कुल २४१ जना कर्मचारीहरु रहेका छन् । समीक्षा वर्षमा नमूना छनौटमा समेटिएका सहकारी संस्थाहरुमा कर्मचारी संख्या २४.५ प्रतिशतले घटेको छ ।

**तालिका ५.५ : छनौटमा परेका १० सहकारी संस्थाहरूको असार मसान्तसम्मको विवरण**

| विवरण | दुई वर्ष अघि आ.व. २०७८/७९ | गत अवधि आ.व. २०७९/८० | समीक्षा अवधि आ.व. २०८०/८१ | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधिको प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|
| **कुल पुँजी (रु.करोडमा)** | ५०६.६७ | ४९३.०१ | ५५५.३७ | -२.७० | १२.६५ |
| **कुल बचत (रु. करोडमा)** | १२५६.०५ | ११८२.६६ | १२५१.५५ | -५.८४ | ५.८३ |
| **कुल ऋण (रु. करोडमा)** | ११८७.४३ | १०६४.९५ | ९८३.१० | -१०.३१ | -७.६९ |
| **सदस्य संख्या** | १०५३९२ | १०२५३४ | ९७३९९ | -२.७१ | -५.०१ |
| **कर्मचारी संख्या** | ३२९ | ३१९ | २४१ | -३.०४ | -२४.४५ |

*स्रोत: नमुना छनौटमा परेका सहकारी संस्थाहरू ।*

## ५.१० प्रदेश सरकारी वित्त

आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेश सरकारले कुल रु.६७ अर्ब २१ करोड बजेट विनियोजन गरेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशको विवरण अनुसार रु.४५ अर्ब ६७ करोड खर्च भएको छ । उक्त रकम कुल विनियोजनको ६८.० प्रतिशत हो ।चालु खर्चतर्फ विनियोजनको ६५.२ प्रतिशत र पुँजीगत खर्चतर्फ विनियोजनको ७९.५ प्रतिशत खर्च भएको छ ।

बागमती प्रदेश सरकारले आ.व. २०८०/८१ मा कर र गैरकर राजस्व गरी कुल राजस्व रु.३० अर्ब ४४ करोड परिचालन गर्ने अनुमान गरेकोमा २०८१ असार मसान्तसम्म रु.२५ अर्ब ४९ करोड राजस्व संकलन भएको छ जुन कुल राजस्व अनुमानको तुलनामा ८३.७ प्रतिशत हो ।

आ.व. २०८०/८१ मा बागमती प्रदेश सरकाले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१७ अर्ब ८१ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०८१ असार मसान्तसम्म कुल रु.१३ अर्ब ७१ करोड अनुदान प्राप्त गरेको छ ।

**तालिका ५.६: सरकारी वित्त स्थिति***

*रु. अर्बमा*

| शीर्षक | २०७९/८० | | | २०८०/८१ | | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ | प्रगति प्रतिशत | बजेट | यथार्थ | प्रगति प्रतिशत |
| **कुल खर्च** | ६७.९३ | ४६.८६ | ६९.० | ६७.२१ | ४५.६७ | ६८.० |
| चालु | २३.८४ | १७.९८ | ७५.४ | २६.२९ | १७.१३ | ६५.२ |
| पुँजीगत | ४२.०९ | २८.२८ | ६७.२ | ३५.९२ | २८.५४ | ७९.५ |
| वित्तिय | २ | ०.६ | ३०.० | ५ | ० | ०.० |
| **राजस्व** | ३३.२ | २५.९४ | ७८.१ | ३०.४४ | २५.४९ | ८३.७ |
| विविध प्राप्ति** | २४.७ | ३३.५१ | १३५.७ | १४.४५ | २६.९१ | १८६.२ |
| अनुदान | २१.०७ | १७.४ | ८२.६ | १७.८१ | १३.७१ | ७७.० |

*स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेश*

* बजेट र यथार्थको रकम रु.अर्बमा प्रस्तुत गरिएको ।

** विविध प्राप्तिमा बेरुजु, निकासा फिर्ता, अनुदान फिर्ता र गत वर्षको नगद मौज्दात समावेश गरिएको ।

## ५.११ स्थानीय तहहरुको बजेट स्थिति

बागमती प्रदेशमा ११९ वटा स्थानीय तह रहेका छन् । आर्थिक वर्ष २०८०/८१ मा बागमती प्रदेशमा रहेका स्थानीय तहहरुमध्ये छनौट गरिएका ५ स्थानीय तहहरु (काठमाडौं, भक्तपुर, ललितपुर, भरतपुर, हेटौंडा) को कुल प्राप्ति रु.२९ अर्ब ३ करोड रहेको छ, जुन गत आर्थिक वर्षको तुलनामा ०.१ प्रतिशतले बढी हो । उक्त स्थानीय तहहरुले करतर्फ रु.१४ अर्ब १ करोड, अनुदानतर्फ रु.१० अर्ब ६२ करोड र अन्य राजस्वतर्फ रु.८ करोड ४० लाख रकम प्राप्त गरेको छन् । गत आर्थिक वर्षको तुलनामा यी स्थानीय तहहरुले प्राप्त गरेको कर ९.३ प्रतिशतले वृद्धि भएको छ भने अन्य राजस्व २.० प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, अनुदान प्राप्तिमा भने १०.३ प्रतिशतले कमी आएको छ ।

छनौट गरिएका ५ स्थानीय तहहरुले आर्थिक वर्ष २०८०/८१ मा रु.३७ अर्ब १७ करोड रकम खर्च गरेका छन् जुन गत आर्थिक वर्षको तुलनामा २५.१ प्रतिशतले बढी रहेको छ । उक्त स्थानीय तहहरुले चालुतर्फ रु.१६ अर्ब ३ करोड, पुँजीगततर्फ रु.२० अर्ब ९८ करोड र वित्तीयतर्फ रु.१६ करोड ६० लाख रकम खर्च गरेका छन् । गत आर्थिक वर्षको तुलनामा यी स्थानीय तहहरुको चालु खर्च ४ प्रतिशतले र पुँजीगत खर्च ४९.२ प्रतिशतले वृद्धि भएको छ भने वित्तीय खर्च ३१.२ प्रतिशतले घटेको छ ।

**तालिका ५.७: बागमती प्रदेशको स्थानीय तहहरुको प्राप्ति तथा खर्च विवरण***


रु. दश लाखमा

| विवरण | २०७९/८० | २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| कर | १२,८२२ | १४,०११ | ९.३ |
| अनुदान | ११,८४३ | १०,६१९ | (१०.३) |
| अन्य राजस्व | ४,२२४ | ४,३१० | २.० |
| विविध प्राप्ति | २४ | ८४ | - |
| अन्य संस्थाहरुबाट प्राप्ति | ८८ | ५ | - |
| **क. कुल प्राप्ति** | **२९,००१** | **२९,०२८** | ०.१ |
| **ख. कुल खर्च** | **२९,७१५** | **३७,१७८** | २५.१ |
| *चालु* | १५,४०९ | १६,०३१ | ४.० |
| *पुँजीगत* | १४,०६४ | २०,९८१ | ४९.२ |
| *वित्तीय* | २४२ | १६६ | (३१.२) |
| **बचत (न्युन) रकम (क-ख)** | (७१५) | (८,१५०) | - |

*स्रोत: महालेखा नियन्त्रण कार्यालय*

* अध्ययनमा समेटिएको ५ वटा स्थानीय तहहरु (काठमाडौं, भक्तपुर, ललितपुर, भरतपुर, हेटौंडा) ।


**चार्ट ५.३: स्थानीय तहहरुको राजस्व प्राप्तिको अवस्था (रु.अर्बमा)***




*स्रोत: महालेखा नियन्त्रण कार्यालय*

* अध्ययनमा समेटिएको ५ वटा स्थानीय तहहरु (काठमाडौं, भक्तपुर, ललितपुर, भरतपुर, हेटौंडा) ।

**चार्ट ५.४: स्थानीय तहहरुको खर्चको अवस्था (रु.अर्बमा)***




*स्रोत: महालेखा नियन्त्रण कार्यालय*

* अध्ययनमा समेटिएको ५ वटा स्थानीय तहहरु (काठमाडौं, भक्तपुर, ललितपुर, भरतपुर, हेटौंडा)।

## ५.१२ सेवा क्षेत्रको चुनौती तथा सम्भावना

### चुनौती

- अव्यवस्थित सहरीकरण, औद्योगीकरण र पर्यटकीय गतिविधिहरूले वातावरणीय जोखिम बढ्दै गएको सन्दर्भमा सघन सहरी क्षेत्रको रुपमा विकास भइरहेका काठमाडौं उपत्यका, चितवन, हेटौंडा जस्ता लोकप्रिय गन्तव्यहरूमा सेवा क्षेत्रको विस्तारलाई दिगो आर्थिक विकाससँग जोड्नु।
- बागमती प्रदेश तथा सो प्रदेश अन्तर्गतका स्थानीय सरकारको राजस्व संकलन र खर्च वार्षिक लक्ष्यभन्दा कम हुने गरेको परिप्रेक्ष्यमा राजस्व संकलनका दायरा वृद्धि गर्ने र पुँजीगत खर्च समयमै खर्च हुन नसक्नुका कारणहरु पहिचान गरी पुँजीगत खर्च गर्ने क्षमता बढाउनु।
- अनलाइन वित्तीय कारोबार बढेसंगै साइबर अपराध तथा वित्तीय ठगीका घटनाहरू बढ्दै गएकोमा साइबर-सक्षम वित्तीय अपराधहरूबाट ग्राहकवर्ग तथा सर्वसाधारणलाई सुरक्षित राख्नु।

### सम्भावना

- शिवपुरी राष्ट्रिय निकुञ्ज, चम्पादेवी, नमोबुद्ध, फुलचोकी डाँडा, सुन्दरीजल, नगरकोट, पाइलट बाबा आश्रम, सेतो गुम्बा र फार्पिङ जस्ता छोटा र रमाइला हाइकिङ रुटहरुलाई व्यवस्थित र सुरक्षित बनाउन सके व्यस्त काठमाडौं उपत्यकाका बासिन्दाहरुलाई यी पदमार्गतर्फ आकर्षित गर्न सक्ने सम्भावना रहेको।
- लाङटाङ र मनास्लु पदमार्गको बीचमा रहेको रुबी भ्याली, रसुवाको गोसाइँकुण्ड र लाङटाङ, सिन्धुपाल्चोकको पाँच पोखरी जस्ता प्रसिद्ध पदमार्गहरुलाई व्यवस्थित बनाउन सकेमा विदेशी तथा स्वदेशी पर्यटकहरुलाई अझ आकर्षण गर्न सक्ने सम्भावना रहेको।
- सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा तथा हेरचाह प्रदान गर्दै विश्वभरका स्वास्थ्य पर्यटकहरूलाई आर्कषित गरी विश्व मेडिकल टुरिजम क्षेत्रमा फड्को मार्न सक्ने सम्भावना रहेको।

# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

पूर्वाधार निर्माण क्षेत्रमा सडक विभाग, जिल्ला पूर्वाधार विकास कार्यालय, स्थानीय तह, भवन निर्माण कार्यालयहरू क्रियाशिल रहेका छन् ।

**तालिका ६.१: सडक पूर्वाधारतर्फ आ.व २०८०/८१ फागुनसम्मको भौतिक प्रगति**

| विवरण | एकाई | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ फागुन मसान्तसम्म | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| नयाँ सडक निर्माण | कि.मि | ३९६ | १३९.५ | ६६.०८ | १६०.१ | २८१.८६ | २४.५ | १०६८.०४ |
| ग्राभेल सडक (स्तरोन्नति) | कि.मि | ४१.८ | १९०.६ | २४६.४ | २००.८ | १५९.०८ | ६८.७ | ९०७.३८ |
| कालोपत्रे सडक (स्तरोन्नति) | कि.मि | ६७.५९ | १९३.३० | २३९.४० | १९०.८ | २७२.३ | ७८.६ | ११४२ |
| सडक मर्मत (नियमित) | कि.मि | १२५.५ | १९५.८ | १९३.७ | १३८.१ | ३६४.२५ | ८३.९ | ११०१.२५ |
| सडक पुल | गोटा | १० | २२ | १५ | १९ | २९ | १२ | १०७ |
| झोलुंगे पुल | गोटा | | | १ | ६ | ६ | ४ | १७ |

*स्रोत: बागमती प्रदेश आर्थिक सर्वेक्षण, २०८०/८१ ।*

आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्म यस प्रदेशमा जम्मा १०६८.०४ कि.मि. नयाँ सडक निर्माण भएको छ भने ग्राभेल र कालोपत्रे सडकको स्तरोन्नति क्रमश: ९०७.३८ कि.मि.र ११४२ कि.मि. भएको छ । साथै, यस अवधिमा जम्मा ११०१.२५ कि.मि. सडकको नियमित सडक मर्मत भएको छ । यसैगरी, यस अवधिमा जम्मा १०७ वटा सडक पुल र १७ वटा झोलुंगे पुल निर्माण भएका छन् ।

आ.व. २०८०/८१ फागुन मसान्तसम्म २४.५ कि.मि. नयाँ सडक निर्माण भएको छ भने ग्राभेल र कालोपत्रे सडकको स्तरोन्नति क्रमश: ६८.७ कि.मि.र ७८.६ कि.मि.भएको छ । साथै, यस अवधिमा ८३.९ कि.मि. सडकको नियमित मर्मत भएको छ ।

**तालिका ६.२: राष्ट्रिय गौरवका आयोजनाको विवरण**

| क्र.सं. | आयोजनाको नाम | शुरु मिति | लक्ष्य | सम्पन्न हुने मिति | संशोधित लागत (रु.) | समष्टिगत प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | भौतिक | वित्तीय |
| १. | सुनकोशी मरिन डाइभर्सन आयोजना | २०७३/७४ | १२२,०००, हेक्टर<br>२८.६ मेगावाट | २०८४/८५ | ४६ अर्ब १९ करोड | ३४.४ | ३०.९६ |
| २. | माथिल्लो तामाकोशी जलविद्युत् आयोजना | २०६७/६८ | ४५६ मेगावाट | २०७७/७८ | ५२ अर्ब ८ करोड | सम्पन्न | |
| ३. | विद्युत् प्रशारण आयोजना | २०६७/६८ | ४०० के.भि.<br>२८९ कि.मि. आन्तरिक<br>२३ कि.मि. अन्तरदेशीय | २०८४/८५ | ६१ अर्ब २६ करोड | ८.८ | ८.८ |
| ४. | हुलाकी राजमार्ग | २०६६/६७ | १७९२.४२ कि.मि. | २०८३/८४ | ६५ अर्ब २० करोड | ६६.९० | ६२.८ |
| ५. | पुष्पलाल (मध्य-पहाडी) लोकमार्ग | २०६४/६५ | १४१७ कि.मि. | २०८४/८५ | ८४ अर्ब ३३ करोड | ७७.३२ | ८१.७७ |

| क.सं. | आयोजनाको नाम | शुरु मिति | लक्ष्य | सम्पन्न हुने मिति | संशोधित लागत (रु.) | समष्टिगत प्रगति | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | भौतिक | वित्तीय |
| ६. | काठमाडौं तराई-मधेस द्रुत मार्ग | २०७४/७५ | ७१ कि.मि. | २०८३/८४ | १ खर्ब ७५ अर्ब १९ करोड | ३५.३८ | ३६.७० |
| ७. | मेलम्ची खानेपानी आयोजना | २०५५ | ५१ करोड लिटर | २०८०/८१ (प्रथम चरण) | ३१ अर्ब ३६ करोड | ९८.४५ | ८९.१५ |
| | | | | २०८५/८६ (दोश्रो चरण) | | ८.६७ | ३.८१ |
| ८. | पशुपती क्षेत्र विकास कोष | २०५७/५८ | २८६.६ हेक्टर (साँस्कृतिक नमुना क्षेत्रको रुपमा विकास गर्ने) | निरन्तर | २ अर्ब २७ करोड | ८८ | ६२.५९ |
| ९. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | २०७१/७२ | तराई मधेशका ३७ जिल्ला | २०९३/९४ | २ खर्ब ४९ अर्ब ७० करोड | ९१.८४ | ८९.११ |

*स्रोत : अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय गौरवका आयोजनाहरु ।*

**बक्स ३: मेलम्ची खानेपानी आयोजना**

काठमाण्डौ उपत्यकामा रहेको खानेपानीको समस्या सम्बोधन गर्नका लागि सिन्धुपाल्चोक जिल्लामा रहेको मेलम्ची खोलाको पानी काठमाण्डौ उपत्यका ल्याई वितरण गर्ने उद्देश्यले आ.व. २०५५/५६ मा मेलम्ची खानेपानी आयोजना सुरु भएको थियो । यस आयोजनाको प्रथम चरणको काम आ.व. २०८०/८१ मा सम्पन्न भई उपत्यकामा खानेपानी वितरणको कार्य सुरु भएको छ ।

मेलम्ची नदीको माथिल्लो भागमा पर्ने याङ्ग्री र लार्के खोलाबाट थप पानीको आपूर्ति गर्ने उद्देश्यले यस आयोजनाको दोस्रो चरणको कार्य सुरु भई आ.व. २०८५/८६ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजनाको जम्मा लागत रु.३१ अर्ब ३६ करोड रहने अनुमान रहेको छ । दोस्रो चरणको यस आयोजनाको हालसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमश: ८.६७ र ३.८१ प्रतिशत रहेको छ भने आ.व.२०८०/८१ को भौतिक तथा वित्तीय प्रगति क्रमश: २३.५७ र १९.१९ प्रतिशत रहेको छ ।

*स्रोत: अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय गौरवका आयोजनाहरु ।*

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती तथा सम्भावना

### चुनौती

- कठिन भौगोलिक बनावट, उच्च लागत तथा सिमित वित्तीय स्रोतबाट सर्वसुलभरुपमा गुणस्तरीय पूर्वाधार निर्माण गर्नु चुनौतीपूर्ण रहेको छ ।
- पूर्वाधार निर्माण तथा उपयोगमा निजी क्षेत्रको सहभागितामा वृद्धि गरी पूर्वाधारको संरक्षण एवम् सम्वर्द्धनमा निजी क्षेत्र स्वयम्लाई उत्तरदायी बनाउनु चुनौतीपूर्ण रहेको छ ।
- संघ, प्रदेश तथा स्थानीयस्तरमा विनियोजित बजेटलाई प्रदेशका साझा पूर्वाधारका आयोजनाहरु जस्तै प्रदेश गौरव आयोजनाको रुपमा रहेको रुबी भ्याली एकीकृत विकास आयोजनाको निर्माणमा लगाउन चुनौतीपूर्ण रहेको छ ।

### सम्भावना

- प्रदेश गौरव आयोजनाको रुपमा रहेको रुबी भ्याली एकीकृत विकास आयोजनालाई प्रदेश सरकारको बजेट सहितको कार्य अगाडि बढाई त्यस क्षेत्रमा सडक, बिजुली, होमस्टे लगायतका पूर्वाधारहरु निर्माणको सम्भावना रहेको ।
- प्रदेश भित्रका शहरी तथा शहरोन्मुख क्षेत्रमा फुटपाथ निर्माण, साइकल लेन, बगैंचा, फ्लाई ओभर लगायतका पूर्वाधार निर्माण गर्न सकिने सम्भावना रहेको ।
- प्रदेशका विकट क्षेत्रबाट शहरी इलाकासम्म सर्वसुलभ यात्रा गराउन इलेक्ट्रिक बस, चार्जिङ स्टेसन, ट्राम, केवलकार जस्ता आधुनिक पूर्वाधार आयोजनाहरुको आर्थिक तथा वित्तीय सम्भावना उच्च रहेको ।
- स्टिल, सिमेन्ट, तार लगायतका उत्पादनमा देश आत्मनिर्भर हुँदै गएकोले आपूर्ति श्रृंखला सहज हुने तथा गुणस्तरमा एकरुपता कायम हुने सम्भावना रहेको ।

## ६.३ रोजगारी

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८०/८१ मा बागमती प्रदेशमा जम्मा २७ हजार ९३ जनाले आंशिक रुपमा रोजगारी प्राप्त गरेका थिए भने जम्मा १ हजार २ सय ३८ जनाले पूर्ण रोजगारी प्राप्त गरेका थिए । चितवन र मकवानपुर जिल्लामा आंशिक र पूर्ण गरी सबैभन्दा धेरै जनाले रोजगारी प्राप्त गरेका छन् भने धादिङ जिल्लामा सबैभन्दा कम रोजगारी प्राप्त गरेका छन् । यस सम्बन्धी विस्तृत विवरण तालिका ६.३ मा उल्लेख गरिएको छ ।

**तालिका ६.३: प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत जिल्लागत रोजगारीको विवरण**

| जिल्ला | कुल रोजगारी प्राप्त संख्या | | कुल रोजगारी दिन | | जम्मा रोजगारी दिन | कैफियत |
|---|---|---|---|---|---|---|
| | आंशिक | पूर्ण | आंशिक | पूर्ण | | |
| रामेछाप | १६२६ | १९७ | २७६४२० | ५६७३६ | ३३३१५६ | दोलखा जिल्ला समेत |
| सिन्धुपाल्चोक | २५१० | ७१ | ४२६७०० | २०४४८ | ४४७१४८ | काभ्रे जिल्ला समेत |
| नुवाकोट | ४४६ | ८८ | ७५८२० | २५३४४ | १०११६४ | रसुवा जिल्ला समेत |
| धादिङ | २५८ | १०८ | ४३८६० | ३११०४ | ७४९६४ | |
| भक्तपुर | ६२३ | ५९ | १०५९१० | १६९९२ | १२२९०२ | काठमाण्डौ र ललितपुर जिल्ला समेत |
| सिन्धुली | ३४७० | २८० | ५८९९०० | ८०६४० | ६७०५४० | |
| चितवन | १८१६० | ४३५ | ३०८७२०० | १२५२८० | ३२१२४८० | मकवानपुर जिल्ला समेत |
| **जम्मा** | **२७०९३** | **१२३८** | **४६०५८१०** | **३५६५४४** | **४९६२३५४** | |

*स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम*

### वैदेशिक रोजगारी

वैदेशिक रोजगार विभागबाट २०८० साउन १ देखि २०८१ असार मसान्तसम्म कुल ७ लाख ४१ हजार २ सय ९७ जनालाई वैदेशिक रोजगारीको लागि स्वीकृति प्रदान गरिएको छ । गत वर्षको सोही अवधिमा ७ लाख ७१ हजार ३ सय २७ जनालाई वैदेशिक रोजगारीको लागि स्वीकृति प्रदान गरिएको थियो । आर्थिक वर्ष २०८०/८१ मा सबैभन्दा धैरै ४७.६४ प्रतिशत Recruiting Agency मार्फत् र सबैभन्दा कम १.६१ प्रतिशत सरकारी माध्यम मार्फत् वैदेशिक रोजगारीमा गएका थिए ।

**तालिका ६.४: श्रम स्वीकृतिको विवरण**

| विवरण | पुरुष | महिला | जम्मा | हिस्सा (%) |
|---|---|---|---|---|
| New Individual | ७४४०३ | २०६३५ | ९५०३८ | १२.८२ |
| Recruiting Agency | ३१५४४५ | ३७७१८ | ३५३१६३ | ४७.६४ |
| Re-Entry | २६०५८० | २०६१५ | २८११९५ | ३७.९३ |
| G2G (EPS Korea, Israel & UK | १०६९७ | १२०४ | ११९०१ | १.६१ |
| **जम्मा** | **६६११२५** | **८०१७२** | **७४१२९७** | **१००** |

*स्रोत: प्रगति विवरण २०८०/८१, वैदेशिक रोजगार विभाग ।*

बागमती प्रदेशबाट आ.व. २०८०/८१ मा जम्मा १ लाख २१ हजार २१ जना वैदेशिक रोजगारीमा गएका छन् जुन कुल श्रम स्वीकृतिको  १६.३३ प्रतिशत हो । जिल्लागतरुपमा सबैभन्दा धैरै १५.०८ प्रतिशत कामदार चितवन जिल्लाबाट वैदेशिक रोजगारीमा गएका छन् भने सबैभन्दा कम ३.०१ प्रतिशत कामदार भक्तपुर जिल्लाबाट गएका छन् ।

**तालिका ६.५: जिल्लागत वैदेशिक रोजगारीको विवरण**

| जिल्ला | Recruiting Agency | Individual New | G – to - G | Individual Re-entry | Total with re-entry | Total without Re-entry |
|---|---|---|---|---|---|---|
| दोलखा | ३१२० | १४५६ | २१२ | १८६२ | ६६५० | ४७८८ |
| सिन्धुपाल्चोक | ५२७१ | २६६० | २३१ | ३४२६ | ११५८८ | ८१६२ |
| रसुवा | ७३३ | ३५८ | २० | ३६० | १४७१ | ११११ |
| धादिङ | ५९८६ | २२५६ | १५३ | ३९११ | १२३०६ | ८३९५ |
| नुवाकोट | ५१०७ | १९९६ | २०७ | ३३३५ | १०६४५ | ७३१० |
| काठमाडौं | २७१३ | २२०७ | १७८ | ३६९८ | ८७९६ | ५०९८ |
| भक्तपुर | १८४२ | ७२७ | ६९ | १०१६ | ३६५४ | २६३८ |
| ललितपुर | २०४३ | ९२० | ७६ | १३७६ | ४४१५ | ३०३९ |
| काभ्रेपलाञ्चोक | ५७३३ | २१७५ | ३४४ | ३५८५ | ११८३७ | ८२५२ |
| रामेछाप | ३५४४ | १४७७ | २१९ | २१९१ | ७४३१ | ५२४० |
| सिन्धुली | ६३३३ | १००० | १११ | २७२९ | १०१७३ | ७४४४ |
| मकवानपुर | ७६१४ | १८८५ | ३१२ | ३९९६ | १३८०७ | ९८११ |
| चितवन | ६९६६ | ३६८० | १७३ | ७४२९ | १८२४८ | १०८१९ |
| **जम्मा** | **५७००५** | **२२७९७** | **२३०५** | **३८९१४** | **१२१०२१** | **८२१०७** |

*स्रोत: वार्षिक श्रम स्वीकृति विवरण २०८०/८१, वैदेशिक रोजगार विभाग ।*

## ६.४ रोजगारीका चुनौती तथा सम्भावना

### चुनौती

- वर्षेनी लाखौंको संख्यामा श्रम बजारमा थपिने युवाहरुलाई समयानुकूल तलबभत्तासहित रोजगारी उपलब्ध गराउनु मुख्य चुनौती रहेको छ ।
- युवाहरुको वैदेशिक रोजगारप्रतिको बढ्दो आकर्षणले स्वदेशमानै उपलब्ध श्रोत र साधनको उपयोग गरी रोजगारी सृजना गर्न सकिने क्षेत्रहरुमा युवा उद्यमशीलताको विकास गर्दै टिकाई राख्नु ।

- कृषि, उद्योग, पर्यटन, जलविद्युत लगायतका विकासका पूर्वाधारहरुका लागि आवश्यक दक्ष जनशक्ति तयार गरी स्वदेशमा नै रोजगारीका अवसरहरु सिर्जना गर्ने ।

**सम्भावना**

- विकासका प्रचुर सम्भावना बोकेका उद्योग, पर्यटन, जलविद्युत, सुचना प्रविधि जस्ता क्षेत्रहरुमा आन्तरिक रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको ।
- प्रदेश भित्रका शहरी तथा शहरोन्मुख क्षेत्रका प्राकृतिक, साँस्कृतिक, तथा अन्य पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भारका लागि स्थानिय स्तरबाट नै रोजगारी सिर्जना गर्न सकिने सम्भावना रहेको ।

# परिच्छेद ७ : आर्थिक परिदृष्य

आर्थिक वर्ष २०८०/८१ मा औसत मुद्रास्फीति दर वाञ्छित सीमाभित्र रहेको, जलविद्युत उत्पादनमा उल्लेख्य वृद्धि भएको, यातायातको क्षेत्रमा सुधार आएको, बैंकको आधार ब्याजदर एकल बिन्दुमा रहेको तथा आवास तथा भोजन सेवा क्षेत्रमा उल्लेख्य सुधार आएको छ । यद्यपि, समीक्षा वर्षको अधिकांश समयमा निर्माण र उत्पादनमुलक उद्योग संकुचनमा रहेको, घरजग्गा कारोबारमा कमी आएको र थोक तथा खुद्रा व्यापार क्षेत्र शिथिल रहेकोले आर्थिक वृद्धिदर औसतमात्र रहेको अनुमान छ ।

स्थलगत सर्वेक्षणको क्रममा प्रदेशका कृषि विज्ञ, पशुपन्छी विज्ञ, मालपोत कार्यालय प्रमुख, यातायात व्यवस्था कार्यालयका कार्यालय प्रमुख, डिभिजन वन प्रमुख, उद्योगी व्यवसायी तथा अन्य सरोकारवालाहरुसँग गरिएको भेटघाट तथा आर्थिक परिदृश्य सम्बन्धी प्रश्नावलीमार्फत व्यक्त गरेका विचार तथा जानकारीका आधारमा विश्लेषण गर्दा प्रदेशमा कृषि, उद्योग र सेवा क्षेत्रको गतिविधि चालु आर्थिक वर्षमा सुधार हुने अनुमान रहेको छ ।

## ७.१ कृषि क्षेत्र

आर्थिक वर्ष २०८०/८१ मा कृषि क्षेत्रको केही विस्तार भएसँगै समयमै वर्षा भएको, मलको उपलब्धता अघिल्ला वर्षहरुभन्दा सहज भएको र धान थन्काउने समय पनि अनुकूल रहेकाले धान तथा समग्र कृषि उत्पादनमा वृद्धि हुने देखिन्छ । त्यसैगरी, अध्ययन क्षेत्रका भेटेरिनेरी अस्पताल तथा पशु सेवा कार्यालयहरूका अनुसार दुध र मासुको माग बढेको तथा वैदेशिक रोजगारीबाट फर्केका युवाहरु पशुपालन व्यवसायमा आकर्षित भएको हुनाले दुध र मासुको उत्पादन वृद्धि हुने अनुमान रहेको छ ।

## ७.२ औद्योगिक क्षेत्र

आर्थिक वर्ष २०८०/८१ मा निर्माण तथा उत्पादन क्षेत्रमा आएको शिथिलता, उद्योगहरुको उत्पादन क्षमताको न्यून उपयोग, सहकारी क्षेत्रमा देखिएका समस्या जस्ता कारणहरुले अल्पकालीन रुपमा उद्योग व्यवसाय र औद्योगिक उत्पादनमा अपेक्षाकृतरुपमा सुधार हुन सकेन । यद्यपी, विप्रेषण आप्रवाह र जलविद्युत उत्पादनमा भएको वृद्धि तथा सरकार तथा यस बैंकको नीतिगत पहल लगायतका कार्यहरुले दीर्घकालीन रुपमा पुँजीको परिचालन तथा उत्पादन क्षमतामा विस्तार भई औद्योगिक उत्पादन बढ्ने अनुमान गरिएको छ ।

## ७.३ सेवा क्षेत्र

आर्थिक वर्ष २०८०/८१ मा सेवा क्षेत्र अन्तर्गतका घरजग्गा कारोबार क्षेत्र, वित्तीय तथा बीमा क्षेत्र, यातायात तथा भण्डारण क्षेत्र, आवास तथा खाद्य क्षेत्रमा केही सुधार देखिएपनि थोक तथा खुद्रा व्यापार क्षेत्रमा देखिएको शिथिलताले सेवा क्षेत्रको वृद्धिदर औसतमात्र रहन गयो । यद्यपी, वैदेशिक रोजगारीमा जानेको संख्या बढेकाले आगामी दिनमा विप्रेषण आप्रवाहमा वृद्धि हुने तथा सरकार तथा केन्द्रीय बैंकले लिएको लचकदार नीतिले आयातमा वृद्धि भई थोक तथा खुद्रा व्यापार क्षेत्र चलयमान हुने, स्वदेशी तथा विदेशी पर्यटनको आगमनले पर्यटकीय क्षेत्रमा थप सुधार आउने, यातायात, संचार, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा गरिने लगानीमा वृद्धि हुने लगायतका कारणहरुले आ.व. २०८१/८२ मा सेवा क्षेत्र विस्तार हुने अनुमान गरिएको छ ।

## ७.४ पूर्वाधार क्षेत्र

निजी तथा सरकारी क्षेत्रबाट निर्माणाधिन जलविद्युत आयोजना, विद्युत प्रसारण लाइन निर्माण, सुरुङ्गमार्ग निर्माण जस्ता केही महत्वपूर्ण पूर्वाधार आयोजनाहरुको कामहरुले गति लिएको छ । हुलाकी राजमार्ग, पुष्पलाल-मध्य पहाडी लोकमार्ग, काठमाडौं तराई मधेश द्रुतमार्ग जस्ता ठूला परियोजनाहरुको निर्माण कार्यमा पनि तीव्रता आउने अनुमान गरिएको छ ।

***